दर्ता नं.: ८९९/२०६६/०६७
NCRA दर्ता नं. : २०६७-०२०४४

पान: ३०५०६२८७३

"उत्कृष्ट, मर्यादित एवम् दिगो वित्तीय सहकारी संस्था"

प्रेरणा
बचत तथा ऋण सहकारी संस्था लि.
Prerana Saving and Credit Co-operative Ltd.



१६ औँ
वार्षिक साधारण सभा
वार्षिक प्रगति प्रतिवेदन
२०८२/०८३

प्रधान कार्यालय: भरतपुर महानगरपालिका-२१, पार्वतीपुर, चितवन
फोनः ०५६-५९२५२१
सेवाकेन्द्रः नारायणगढ (५९८१६७)/ शारदानगर (५९१३७५)

Email: hamroprerana@yahoo.com
preranasaccos@gmail.com
preranangt@gmail.com
preranascc@gmail.com

Website: www.preranasaccos.com.np

प्रेरणा बचत तथा ऋण सहकारी संस्था लि.

भरतपुर-२१, पार्वतीपुर, चितवन

सञ्चालक समिति



श्रीकान्त बराल
अध्यक्ष



शालिक दवाडी
उपाध्यक्ष



अम्बर ब. गुरुङ्ग
सचिव



निरू गुरुङ्ग घले
कोषाध्यक्ष



लोकनाथ घिमिरे
सह-सचिव



शोभा खड्का
सदस्य



गीता कुँवर अधिकारी
सदस्य



कृष्ण खनाल
सदस्य



चन्द्रकान्त लम्साल
सदस्य



खेमराज घिमिरे
सदस्य



हरि श्रेष्ठ
सदस्य

लेखा तथा सुपरीवेक्षण समिति




छविन्द्र दवाडी
संयोजक



दुर्गेन्द्र बराल
सदस्य



युवराज अधिकारी
सदस्य



राष्ट्रिय गान

सयौँ थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची महाकाली ।
प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल ।
ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।
बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय–जय नेपाल ।


साकोस गान

सहकारी अभियान उन्नतीको आधार हो
सबै अट्ने साझा थलो सिंगो परिवार हो ।२
थिए धर्म भकारी र गुठी लाखौँलाख देशमा
संस्कार थियो मिलापको एकता र विकासमा ।
अमूल्य मूल्य देशको सगर्व सधैँ रहिरहोस्
मिलाई हातमा हात यी विचार एक रहिरहोस् ।२
हजारौँ गौथली र यहाँ करोडौँ मौरी बन्नु छ
संगाली बुदबुदले जिन्दगी यो बदल्नुछ ।
साकोस क्रान्ति अघि बढोस्, अघि अघि बढिनै रहोस्
हिमाल, पहाड र तराईमा सबै तिर फैलिरहोस् ।२
सिद्धान्त हाम्रा अमर रहुन् स्वप्नद्रष्टा अमर रहुन्
बसुधैव कुटुम्बकम्: आदर्श अमर रहुन् ।

सङ्क्षिप्त जानकारी (२०८३ आषाढ मसान्तसम्म)

१)	दर्ता नं.	: ८९९/२०६६/०६७
२)	दर्ता मिति	: २०६७/०१/२६
३)	पान नं.	: ३०५०६२८७३
४)	कार्यक्षेत्र	: भरतपुर म.न.पा. वडा नं. १ देखि २९ सम्म
५)	शेयर सदस्य संख्या	: १९६३ जना
६)	जगेडा कोष	: रु. ४,२४,७१,७२९।-
७)	शेयर पूँजी	: रु. ९,१५,०७,९००।-
८)	बचत/निक्षेप	: रु. ५१,२२,०५,९०२।-
९)	ऋण लगानीमा रहेको	: रु. ४६,००,१६,७३४।५१
१०)	वित्तीय लगानी	: रु. ३८,०१,०००।-
११)	नगद मौज्दात	: रु. २१,१४,१०७।-
१२)	ऋण नोक्सानी व्यवस्था	: रु. २,२९,७४,६५३।-
१३)	बैंक मौज्दात	: रु. १९,८८,०८,३७६।०६
१४)	स्थिर सम्पत्ति	: रु. १,७४,१३,८४७।-
१५)	जम्मा सम्पत्ति	: रु. ६६,११,३५,६५७।-
१६)	सञ्चालक समिति सदस्य	: ११ जना (पुरुषः ७ जना, महिलाः ४ जना)
१७)	कर्मचारी संख्या	: १८ जना (महिला १२ जना, पुरुष ६ जना)
१८)	उपसमिति संख्या	: ३
१९)	सेवाकेन्द्र संख्या	: २
२०)	स्थापनाकालिन सदस्य	: ८१ जना
२१)	स्थापनाकालिन शेयर पुँजी	: ४३,४१,९००।-
२२)	स्थापनाकालिन कर्मचारी संख्या	: ५ जना
२३)	औपचारिक उद्घाटन	: २०६७/०६/०९
२४)	आधिकारिक सम्पर्क नं.	: ०५६-५९२५२१, ५९८१६७, ५९१३७५, ९८५५०३०२६७ ९८०२८९९२०१, ९८०२८९९२०२, ९८०२८९९२०३, ९८०२८९९२०४
२५)	फेसबुक पेज	: Prerana saccos
२६)	वेवसाइट	: www.preranasaccos.com.np
२७)	इमेल	: preranasaccos@gmail.com

अध्यक्षको मन्तव्य



श्रीकान्त बराल
(अध्यक्ष)

आदरणीय संस्थाका संस्थापक अध्यक्षलगायत संस्थापकज्यूहरु, पूर्व तथा निवर्तमान अध्यक्षज्यूहरु, अग्रज व्यक्तित्वहरु, सम्मानित शेयर सदसयज्यूहरु, सहकर्मी सञ्चालकज्यूहरु, लेखा सुपरीवेक्षण समिति, विभिन्न उपसमितिका साथीहरु, प्रमुख कार्यकारी अधिकृत लगायत कर्मचारी मित्रहरु, सञ्चारकर्मी मित्रहरु, शुभेच्छुक महानुभावहरु एवम् उपस्थित सम्पूर्ण व्यक्तित्वहरुमा हार्दिक नमस्कार तथा सहकारी अभिवादन।

आजको यस गरिमामय १६ औँ वार्षिक साधारणसभाको भव्य कार्यक्रममा अध्यक्षका रुपमा केही कुराहरु राख्ने अवसर पाउँदा गौरवान्वित र गहन जिम्मेवारीको महशुस गरिरहेको छु।

सबैभन्दा पहिला हाम्रो प्रेरणा साकोसलाई आजको अवस्थामा पुऱ्याउन, विश्वास, कारोबार, श्रम, साथ प्रदान गर्नुहुने सबै सबैलाई यस अवसरमा उच्च सम्मानका साथ स्मरण गर्न चाहन्छु।

संस्थाको आकार ठूलो हुनु सफलता हो, तर ठूलो संस्थालाई व्यवस्थित रुपमा सञ्चालन गरेर आजको चुनौतिपूर्ण समयमा सुरक्षित राख्नु सामान्य कुरा होइन।

बदलिदो परिवेशमा सदस्यज्यूहरुको अपेक्षा परिवर्तन भएको छ। धेरै ब्याज वा मुनाफा भन्दा पनि शेयर तथा बचतको सुरक्षा, संस्थाको पारदर्शीता र संस्थाको भरोसाको बारेमा सोच्न थालेको पाइन्छ। अतः साकोसको सफलता केवल कारोबारले मापन हुँदैन, सहकारीको शक्ति भनेको सदस्यमा विद्यमान रहेको भरोसा वा विश्वास हो।

वर्तमान अवस्थामा मुलुकमा पुराना व्यवसाय सामान्य रुपमा चलेका छन् भने नयाँ प्रारम्भ गर्न कसैले पनि आँट गरिरहेको देखिदैन। जसको प्रभाव वित्तीय संस्थामा तरलताको समस्या पैदा भएको छ। एकातिर 'तरलता' संस्था माथि अधिक विश्वास गरिएको परिणाम हो भने अर्कोतिर यसको व्यवस्थापन गर्नुपर्ने चुनौति पनि हो। हाम्रो नीति सदस्यहरुको पैसा सुरक्षित राख्ने, विधि अनुसार लगानी गर्ने, बाँकी रकम सुरक्षित, उचित प्रतिफल दिने क्षेत्रमा विवेकपूर्ण ढंगले व्यवस्थापन गर्ने नै हो।

आगामी हाम्रो कार्यदिशा

१) **तरलता व्यवस्थापन**

हामी अतिरिक्त तरलतालाई व्यवस्थित बनाउन प्रयासरत छौँ। संस्थाको दैनिक तथा आकस्मिक तरलतालाई आवश्यकता अनुसार सुरक्षित राख्दै बाँकी रकम चरणवद्ध व्यवस्थापन गरिनेछ। हामी 'धेरै प्रतिफल होइन, सुरक्षित प्रतिफल' मा विश्वास गर्छौं।

२) **उत्पादनशील कर्जा विस्तार**

केवल कर्जाको मात्रा बृद्धि गर्ने होइन, गुणस्तरीय कर्जा बढाउने नीति लिइएको छ र यो कायम राखिनेछ। 'ऋण सदस्यको बोझ होइन, सही ठाउँमा लगानी भयो भने समृद्धिको साधन बन्छ' भन्ने सोचेर लगानी गरिन्छ। ऋणले सदस्यको आय बढाएन भने घातक हुन जान्छ। भुक्तानी क्षमताको आधारमा कर्जा लगानी गरिनेछ।

३) **कर्जा असुली**

कर्जा लगानी गर्न जति सहज हुनछ समयमा कर्जा फर्काउन त्यति सहज हुने गर्दैन। समस्यामा परेका असल ऋणीहरुसँग सहजीकरण गर्न सकिनेछ तर संस्थाको नियमानुसार अगाडि गइरहेको छैन भन्ने लागेमा नियमानुसार कडा बन्दै गर्दा अप्ठ्यारो नमानीदिन अनुरोध गर्दछौं।

४) **सुशासन र आन्तरिक नियन्त्रण**

हामी सञ्चालकहरुले व्यवस्थापन अन्तर्गतको काममा र सञ्चालकहरुको काममा व्यवस्थापनले अनावश्यक चासो राख्नु हुँदैन भन्ने कुरामा स्पष्ट थियौं र छौं। संस्थालाई 'नीति, विधि र प्रविधि'द्वारा चलाउनु पर्छ। व्यक्तिगत विचारले निर्देशित गर्न हुँदैन भन्ने कुरामा प्रष्ट छौं। सञ्चालक समितिले नीति, निर्माण, अनुगमन र निर्देशन गर्नेछ। व्यवस्थापनले आफ्नो जिम्मेवारी र लक्ष्य प्राप्त गर्न दत्तचित्त रहनेछ। लेखा सुपरिवेक्षणले आन्तरिक नियन्त्रण प्रणालीमा केन्द्रित रहेर काम गर्नेछ। हामीहरु आ-आफ्नो भूमिकामा स्पष्ट हुन सक्यौं भने मात्र संस्था चलायमान हुन सक्छ भन्ने हाम्रो ठम्याई हो।

५) **प्रविधिमैत्री सदस्य सेवा**

आजको दुनिया डिजिटल युगमा प्रवेश गरिसकेको छ। हामी सदस्यहरुलाई संस्थामा आएर मात्र सुसूचित हुन पर्ने होइन कि सम्भव भएसम्म प्रविधिको माध्यमबाट सहज पारदर्शी सेवा दिने दिशामा अग्रसर रहेका छौं। आफ्नो कारोबारका बारेमा जानकारी पाउन मिल्ने प्रणाली ल्याउन प्रयास गरेका छौं र अझै प्रयास गरिरहने छौं।

६) **सदस्यहरुसँग नियमित सम्वाद**

हाम्रो सदस्यहरुसँग नियमित सम्पर्कमा रहने प्रयोजनका लागि हरेक महिनाको १५ गते बैठकहरु सञ्चालन गर्ने वर्षमा ३।४ पटक विज्ञहरुद्वारा छलफल कार्यक्रम चलाउने गरिएको छ।

हाम्रो संस्था कस्तो होस् भन्ने चाहन्छौं त ?

- संस्थाको पूँजी कति सुरक्षित छ ?
- कति गुणस्तरीय छ ?

- कति सदस्य केन्द्रित छ ?
- र कति दिगो छ ? जस्ता कुराहरुका बारेमा हामी विशेष चनाखो रहनुपर्छ ।

हाम्रो लक्ष्य:

- सुरक्षित संस्था बनोस् ।
- पारदर्शी होस् ।
- प्रविधिमैत्री, उत्पादनशील होस् ।

सञ्चालक र कर्मचारी साथीहरु के कुरामा स्पष्ट हुनुपर्ने हो ?

- हामी पदका लागि होइन, जिम्मेवारीका लागि आएका हौं ।
- निर्णय गर्दा व्यक्तिगत सम्बन्ध होइन, संस्थाको हितमा ध्यान दिनुपर्दछ ।
- कर्मचारी साथीहरु के बुझ्नुपर्छ भने सदस्यहरुसँग हाम्रो व्यवहार नै संस्थाको परिचय हो ।
- शेयर सदस्य आउँदा केवल एउटा व्यवहार गर्न नआई संस्थाको अवस्था बुझ्न आउनुभएको हुन्छ ।
- सदस्य सेवा हाम्रो पहिलो प्राथमिकता हो ।

  अतः यस विषयमा कुनै गुनासो भए जानकारी गराउन अुनरोध छ ।

शेयर सदस्यज्यूहरुलाई आग्रह

यो संस्था अध्यक्ष, सञ्चालक साथीहरु वा कर्मचारीहरुको होइन, तपाई हामी सबैको हो । तपाईहरु संस्थाको मालिक र निगरानीकर्ता दुवै हो । गल्ती देखे खबरदारी र राम्रो हुँदा साथ दिनुहुनेछ भन्ने अपेक्षा गर्दछु ।

हाम्रो प्रतिबद्धता

- तपाईंहरुको विश्वास टुट्ने गरेर लापर्वाही गर्ने छैनौं ।
- नाफा कमाउन अनुचित जोखिम अपनाइने छैन ।
- कर्जा बढाउन गुणस्तर वा नीति र विधि उल्लङ्घन गरिने छैन ।
- लगानी गर्दा सदस्यहरुको हित र संस्थाको सुरक्षालाई वेवास्ता गरिने छैन ।
- संस्था विस्तार गर्दा सुशासन र अनुशासन कमजोर हुन दिइने छैन ।
- मुख्य कुरा प्रेरणा साकोसलाई सदस्यहरुको विश्वासको घर बनाएर राखिने छ ।

हामी सबैको साझा संकल्प के हो ?

- हामी हाम्रो बचत सुरक्षित राख्ने छौं ।
- हामीले लिएको कर्जा उत्पादनशील क्षेत्रमा ल्याउने छौं ।

- हाम्रो लगानी विवेकपूर्ण हुनेछ ।
- हाम्रो व्यवस्थापन चुस्त, दुरुस्त र पारदर्शी रहनेछ ।
- हाम्रो सुशासन बलियो हुनेछ ।
- हाम्रो सहकारी सदस्यहरुको समृद्धिको आधार बन्नेछ ।
- प्रेरणा साकोस ठूलो मात्र होइन, भरोसायोग्य बन्नेछ ।
- हाम्रो संस्थाको कारोबार मात्र होइन, सदस्यहरुको जीवनस्तर पनि बढोस् भन्ने सोचाई राखिनेछ ।
- निस्क्रिय पैसा चुनौति हो भने असुरक्षित लगानी त्यो भन्दा ठूलो र खतरनाक चुनौति हो ।
- कति पैसा उठायौँ भन्दा पनि कहाँ लगानी गऱ्यौ ? कस्तो प्रतिफल आयो ? कति सुरक्षित लगानी गऱ्यौँ? सदस्यहरुलाई कति लाभ भयो भन्ने कुरा प्रमुख हुन् ।

आज देशभर सहकारी संस्थाहरुमा चुनौतीहरु छन्, तर हाम्रोमा चुनौती सामना गर्ने सामुहिक शक्ति र सदस्यहरुको विश्वास छ । हामी तरलतालाई अवसरमा पूँजीलाई उत्पादनमा जोडेर सदस्यज्यूहरुको विश्वासलाई थप बलियो बनाउन प्रयत्नशील छौँ । हाम्रो लक्ष्य ठूलो सहकारी बन्ने होइन कि भरोसायोग्य सहकारी बन्ने रहनेछ। सञ्चालक समितिको नेतृत्व, कर्मचारीहरुको मिहिनेत र सदस्यहरुको साथ एक ठाउँमा आयो भने थप उचाईमा पुग्न सक्नेछौँ ।

अन्तमा, आउँदै गरेको महान पर्व विजयादशमी, शुभ दीपावली, छठ, ल्होसार लगायतको अवसरमा हामी सबैको घर आँगनमा खुशी आओस्, सबैको कल्याण होस् । सम्पूर्ण शेयर सदस्यज्यूहरु लगायत देश विदेशमा रहनुहुने नेपाली दाजुभाइ, दिदीबहिनी, आमाबुवा प्रति हार्दिक मङ्गलमय शुभकामना । धन्यवाद ! जय सहकारी ! जय प्रेरणा ।

सहकारीका मूल्य र मान्यता:

आधार मुल्य	नैतिक मुल्य
आत्मसहयोग	इमान्दारिता
स्व-उत्तरदायित्व	खुल्लापन
लोकतन्त्र	सामाजिक उत्तरदायित्व
समानता	अरूको हेरचाह
न्याय	
ऐक्यवद्धता	

सहकारीका ७ सिद्धान्त

- खुल्ला तथा स्वेच्छिक सदस्यता
- सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण
- सदस्यहरुको आर्थिक सहभागिता
- स्वायत्तत्ता र स्वतन्त्रता
- शिक्षा, तालिम र सूचना
- सहकारीहरु बीच पारस्परिक सहयोग
- समुदायप्रति चासो

आ.व. २०८२।०८३ को प्रगति प्रतिवेदन एवम् आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम



अम्बर बहादुर गुरुङ
सचिव

सोह्रौं वार्षिक साधारण सभाका आदारणीय सभाअध्यक्षज्यू, प्रमुख अतिथिज्यू, सम्पूर्ण शेयर सदस्यज्यूहरु, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिको संयोजक तथा सदस्यज्यूहरु, संस्थापक अध्यक्ष, निर्वतमान अध्यक्षज्यू, पूर्व अध्यक्षज्यूहरु, सल्लाहकारज्यूहरु, प्रेरणादायी व्यक्तित्वज्यूहरु, संस्थाका प्रमुख कार्यकारी अधिकृतज्यू लगायत कर्मचारीवर्गमा सैस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक नमस्कार एवं सहकारी अभिवादन ।

आदारणीय शेयर सदस्य ज्यूहरु,

यस प्रेरणा बचत तथा ऋण सहकारी संस्था लि.ले स्थापनाको १६ औं वर्ष पार गरिसकेको यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु । यस संस्थाले सहकारीको मूल्य, मान्यता साथै सहकारीको मुलभूत सिद्धान्तलाई आधार मानेर प्रगतिका साथ समुदायका आफ्ना सदस्यहरु माँझ लोकप्रिय बन्दै आएको छ । नियमित सदस्य शिक्षा कार्यक्रम मार्फत शेयर सदस्यहरुलाई सहकारी सम्बन्धी जानकारीहरु प्रदान गर्दै आएका छौं । आफ्नो कार्यक्षेत्र तथा चितवन जिल्लाका सहकारीको माझ एक परिचित एवं सबल संस्थाको रुपमा प्रेरणा साकोस रहेको छ । शेयर सदस्यहरु नै प्रेरणाको स्रोत भन्ने सिद्धान्त र मूल्य, मान्यताका साथ सदस्य हितका कार्यक्रमहरुलाई चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा समावेश गरेका छौं ।

आदरणीय शेयर सदस्यज्यूहरु, हाम्रो प्रेरणा साकोस शेयर, बचत र ऋण कारोबारमा आधारित संस्था भएकाले संस्था र शेयर सदस्यहरुको आर्थिक, सामाजिक पक्ष सबल, सक्षम बनाउन विविध वित्तीय कारोबारहरु आफ्नै सहकारी संस्थाबाट गरिदिनुहुन सम्पूर्ण शेयर सदस्यज्यूहरु समक्ष हार्दिक अनुरोध गर्दछु ।

आदरणीय शेयर सदस्यज्यूहरु, अब म आ.व. २०८२।०८३ को प्रगति प्रतिवेदन र आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क) आ.व. २०८२।०८३ मा भएका संचालक समिति बैठकमा उपस्थितिको विवरण :

नाम	पद	कुल बैठक संख्या	उपस्थीति	कैफियत
श्रीकान्त बराल	अध्यक्ष	१४	१३	
शालिक दवाडी	उपाअध्यक्ष	१४	१२	

नाम	पद	कुल बैठक संख्या	उपस्थीति	कैफियत
अम्बर बहादुर गुरुङ	सचिव	१४	१४	
निरु गुरुङ घले	कोषाध्यक्ष	१४	१४	
लोकनाथ घिमिरे	सह-सचिव	१४	१४	
शोभा खड्का	सदस्य	१४	१४	
गीता कुँवर अधिकारी	सदस्य	१४	९	
कृष्ण प्रसाद खनाल	सदस्य	१४	१०	
चन्द्रकान्त लम्साल	सदस्य	१४	१३	
खेमराज घिमिरे	सदस्य	१४	१२	
हरि श्रेष्ठ	सदस्य	१४	१३	

ख) आ.व. २०८२।०८३ मा संचालित सदस्य अन्तरक्रिया सम्बन्धी कार्यक्रमको विवरण

क्र.सं.	कार्यक्रमको विवरण	उपस्थिति संख्या	कैफियत
१.	शुभकामना आदानप्रदान	३९ जना	
२.	कानुनी साक्षरता	२३ जना	
३.	अन्तरक्रिया तथा विस्तारित मञ्च	१९४ जना	
४.	सदस्य अन्तरक्रियात्मक कार्यक्रम	५८ जना	
५.	न्यानो कपडा वितरण	३५ जना	
६.	तीर्थ यात्रा	२९ जना	

ग) प्रगति समीक्षा

- सदस्यले मासिक ब्याज भुक्तानी गरेमा पाकेको ब्याजको ५% र त्रैमासिक रुपमा भुक्तानी गरेको पाकेको ब्याजको ३% ब्याज छुट प्रदान गरिएको छ।
- सदस्य सहुलियत ऋण अन्तर्गत महिला सदस्यहरुलाई प्राथमिकतामा राखी ७.२५% मा ऋण प्रदान गरिएको छ।
- सदस्य उद्यमशील ऋण ६.५% मा लगानी गरिएको छ। जसको ब्याजदर २ वर्षसम्म स्थिर रहनेछ।
- सहकारी रजिष्ट्रार कार्यालयको निर्देशन बमोजिम यस वर्ष असोजबाट सेवा शुल्क हटाइएको छ।

योजना खण्ड

सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४ र सो सम्बन्धी सहकारी विभागले सहकारीहरुलाई जारी गरेको निर्देशिका २०७५, संस्था संचालन गर्न बनेको पुर्नलिखित विनियम २०७५, संस्थागत नीतिहरुको अधिनमा रही प्रचलित नेपाल कानुनले दिएको क्षेत्रमा रही संस्थाले यस आ.व.मा देहाएका कार्यक्रम गर्नेछ।

१. **संस्थागत विकास सम्बन्धी योजना :**

१.१ **वित्तिय क्षमता विकास**

१.१.१ **सदस्य विस्तार योजना :**

"**वृहत संस्था निर्माणका लागि अधिक सदस्य**" हाम्रो मुलमन्त्र हुनेछ। यसका लागि संस्थाको सदस्यता प्रदान गर्ने प्रकृयालाई सरलिकृत तर प्रभावकारी बनाईने छ। सदस्य वृद्धिका लागि सबै कार्यालय तथा सबै संचालक समिति र सबै कर्मचारीहरुलाई जिम्मेवारी प्रदान गरिने छ।

सदस्य वृद्धि योजना :

वृद्धि लक्ष्य	जनामा :	२५७ जना
	वृद्धि प्रतिशत :	१२.५%

मुख्य कार्यालय तथा सदस्य सेवाकेन्द्रहरुको लागि लक्ष्य निर्धारण			
कार्यालय	**हालको सदस्य संख्या**	**थप गर्नु पर्ने सदस्य संख्या**	**वर्षान्तमा पुग्ने सदस्य संख्या**
प्रधान कार्यालय	१६३० जना	१८७ जना	१८१७ जना
नारायणगढ सेवा केन्द्र	७० जना	२५ जना	९५ जना
शारदानगर सेवा केन्द्र	२६३ जना	४५जना	३०८ जना
जम्मा	१९६३ जना	२५७ जना	२२२० जना

नयाँ सदस्यताको लागि आवश्यक शुल्क, शेयर तथा बचत सम्बन्धी व्यवस्था :

क्र.स	**शीर्षक**	**रकम प्रति व्यक्ति**	**फिर्ता हुने नहुने**
१	प्रवेश शुल्क	हाललाई छुट गरिएको	फिर्ता नहुने
२	शेयर रकम	१०००	सदस्य त्याग्दा फिर्ता हुने
३	नियमित मासिक बचत	१०००	ब्याज सहित फिर्ता हुने
४	ऐच्छिक बचत खाता	५००	ब्याज सहित फिर्ता हुने
५	सदस्य राहत कोष योगदान	१०००	फिर्ता नहुने स्वेच्छिक
जम्मा		३५००।	

सदस्य राहत कोष मा आवद्द हुन र यसको सुविधा लिन नचाहने सदस्यलाइ बाध्यकारी गरिने छैन । यस पुर्व बचत गरिरहेका सदस्य वाल बचतकर्ता लाइ १ कित्ता शेयरमा नै पनि सदस्य कायम गरिनेछ तथापी निश्चित समयावधि भित्र क्रमश बृद्दि गर्दे लगी तोकीएको मापदण्ड बराबर को सेयर कायम गर्नु पर्नेछ ।

१.१.२ शेयर पूँजी वृद्धि योजना :

संस्थामा आवद्ध सबै सदस्यहरुमा "**मेरो संस्था, मेरो स्वामित्व**" को भावनाको विकास गरी कम्तीमा औषत शेयर बराबर र बढीमा कूल शेयर पूँजीको २० प्रतिशत सम्म मात्र शेयर खरिद गर्न सकिनेछ । प्रति कित्ता शेयरको मूल्य रु १००।-(एक सय) मात्र रहनेछ । शेयरमा लाभाँस दैनिक आधारमा गणना गरी वितरण गरिने छ । जति शेयर भए पनि एक सदस्य एक भोटको अधिकार रहने छ । कुनै प्राकृतिक विपत्ति, महामारी वा अन्य कुनै कारणबाट संस्थामा नोक्सानी विद्यमान रहेमा शेयरको १०० अंकित मूल्य घट्न सक्ने छ । शेयर पूँजी हाल नै पर्ल्स रेसियो अनुसार अधिक भएकोले सेयर पुजी कम र सदस्य संख्या बढि हुने गरि वृद्धिको देहाए बमोजिम लक्ष्य निर्धारण गर्नुको साथै रणनीति तय गरिएको छ ।

शेयर पूँजी वृद्धि योजना :

वृद्धि लक्ष्य	रकममा	(७०,००,०००।)
	प्रतिशतमा	७.६५%

कार्यालय	हाल कायम रहेको शेयर पूँजी	थप गर्नु पर्ने शेयर पूँजी	वर्षान्तमा पुग्ने शेयर पूँजी
प्रधान कार्यालय	८४५९१२००।-	(५०००००।-)	७९५९१२००।-
नारायणगढ सेवा केन्द्र	६४६९००।-	(१०००००।-)	५४६९००।-
शारदानगर सेवा केन्द्र	६२६९८००।-	(१९०००००।-)	४३६९८००।-
जम्मा	९,१५,०७,९००।-	(७०,००,०००।-)	८,४५,०७,९००।-

१.१.३ बचत/निक्षेप वृद्धि योजना :

"**गुणस्तरीय जीवन र सुनिश्चित भविष्यका लागि बचत**" साकोसको मूल मन्त्र रहने छ। मानिसको जन्म देखि मृत्युसम्मको कृयाकलापहरुका लागि बचत उत्पादनहरुको विकास गरी ती उत्पादनहरुमा सदस्यहरुको सहभागिता वृद्धि गर्दै सम्पूर्ण बचत/निक्षेपको कारोबारलाई यस संस्थासंग मात्र गराउनका लागि प्रोत्साहन गर्दै देहाए बमोजिमको रणनीतिबाट बचत/निक्षेप वृद्धिमा लक्ष्य निर्धारण गरिएको छ ।

बचत/निक्षेप वृद्धि योजना :

वृद्धि लक्ष्य	रकममा	५,०२,२०,०००।-
	प्रतिशतमा	१०%

कार्यालय	हाल कायम रहेका बचत/निक्षेप	थप गर्नु पर्ने बचत/निक्षेप	वर्षान्तमा पुग्ने बचत/निक्षेप
प्रधान कार्यालय	४२३५९८०९८।-	३००२००००।-	४५३६१८०९८।-

नारायणगढ सेवा केन्द्र	२५९३८८८२।-	५२००००००।-	३०९३८८८२।-
शारदानगर सेवा केन्द्र	६२६६८९२२।-	१५००००००।-	७७६६८९२२।-
जम्मा	**५१,२२,०५,९०२।-**	**५,०२,२०,०००।-**	**५६,२४,२५,९०२।-**

१.१.४ **सदस्यहरुलाई ऋण लगानीमा वृद्धि योजना :**

"**ऋण मार्फत उद्यमशिलता र उद्यमशिलता मार्फत आत्मनिर्भरता**" लाई संस्थाले आत्मसाथ गर्दै सदस्यहरुको आर्थिक हैसियत, उद्यमशिल क्षमता, काम प्रतिको रुची र अनुभव, वित्तिय बुझाई र अनुशासन जस्ता कुराहरुको आधारमा सदस्यलाई समृद्ध बनाउने गरी ऋण सेवाहरुको विकास गर्दै वास्तविक पूँजीको अभावमा उद्यमशिल बन्नबाट रोकिएका सदस्यको उत्थानका लागि देहाएका रणनीति मार्फत ऋण लगानीमा वृद्धि गरिनेछ।

सदस्यहरुलाई ऋण लगानी वृद्धि गर्ने योजना :

वृद्धि लक्ष्य	रकममा	७,००,००,०००।
	प्रतिशतमा	१५%

कार्यालय	**हाल कायम रहेका ऋण लगानी**	**थप गर्नु पर्ने ऋण लगानी**	**वर्षान्तमा पुग्ने ऋण लगानी**
प्रधान कार्यालय	४२२४३२०६१।-	३५०००००००।-	४५७४३२०६१।-
नारायणगढ सेवा केन्द्र	६८३५१४३।-	५०००००००।-	११८३५१४३।-
शारदानगर सेवा केन्द्र	३०७४९५२९।-	३००००००००।-	६०७४९५२९।-
जम्मा	४६,००,१६,७३४।-	७,००,००,०००।-	५३,००,१६,७३४।-

१.१.५ **वित्तिय लगानीमा वृद्धि योजना :**

"**अभियान प्रति ऐक्यवद्धता, सहकारी मार्फत गरिबी निवारणमा हाम्रो प्रतिवद्धता**" लाई आत्मसाथ गर्दै सहकारीहरुको विश्वव्यापी सञ्जालमा संस्थालाई सञ्जालिकृत बनाउदै अभियानलाई जोगाई राख्नका लागि अभियानले खेलेको भूमिका, संस्थालाई प्राप्त सेवा र सुविधा, अभियान र संस्था बीचको सम्बन्ध आदिको आधारमा देहाएको रणनीतिमा आधारित रहेर वित्तिय लगानीमा वृद्धि गरिनेछ।

वित्तिय लगानीमा वृद्धि योजना :

वृद्धि लक्ष्य	रकममा	७,००,०००।
	प्रतिशतमा	१८.४%

अभियानको नाम	**हाल कायम रहेका शेयर लगानी**	**थप गर्ने शेयर लगानी**	**वर्षान्तमा पुग्ने शेयर लगानी**
नेफ्स्कून	३०,०१,०००।-	००००	३०,०१,०००।-

रा.स. बैंक लि.	१,००,०००।-	२,००,०००।-	३,००,०००।-
प्रदेश बचत संघ	१,००,०००।-	१,००,०००।-	२,००,०००।-
जिल्ला सहकारी संघ	१,००,०००।-	१,००,०००।-	२,००,०००।-
जिल्ला बचत संघ	५००००।-	००००	५,००,०००।-
अन्य संघ/ बैंक	००००	३,००,०००।-	३,००,०००।-
जम्मा	**३८,०१,०००।-**	**७,००,०००।-**	**४५,०१,०००।-**

१.१.६ संस्थागत पूँजी वृद्धि योजना :

"**दिगो साकोसका लागि अधिकतम संस्थागत पूँजी**" संस्थागत आकाँक्षा हुनेछ। सदस्य सेवाको स्तर वृद्धिका लागि संचालन गरिने कार्यक्रमहरुको प्रभावकारिता विकास र सदस्य सन्तुष्टीको वृद्धिका लागि संस्थागत पूँजी अपरिहार्य शर्त हो। संस्थागत पूँजीमा रहेको रकमको सहुलियत पूर्ण कार्यक्रममा परिचालन गरी संस्थागत पूँजी वृद्धिको लक्ष्य निर्धारण गरिएको छ।

संस्थागत पूँजी वृद्धि योजना :

वृद्धि लक्ष्य	रकममा	२०,००,०००।-
	प्रतिशतमा	४.५%

१.१.७ बाह्य ऋण लिन/वृद्धि योजना :

"**आवश्यकताको आधारमा ऋण सेवा, संकटको बेलामा सञ्जालको भरोसा**" भन्ने कुरालाई मध्यनजर गरी संस्थाको तरलता व्यवस्थापन गर्नका लागि सहकारी अभियान भित्रैबाट बाह्य ऋण लिने नीति लिइनेछ। यसका लागि संस्थाले देहाएको रणनीति लिनेछ।

बाह्य ऋण लिन/वृद्धि योजना :

वृद्धि लक्ष्य	रकममा	६०००००००।
	प्रतिशतमा	वासलाातको बढिमा १०%

बाह्य ऋण लिन सक्ने सम्भावित संघ/बैक :

संघ/बैंकको नाम	हाल बाँकी ऋण	थप आवश्यक ऋण	बर्षान्तमा जम्मा हुने
नेफ्स्कून	०	३००००००।-	३००००००।-
रा.स. बैंक	०	३००००००।-	३००००००।-
जम्मा		६००००००।-	६००००००।-

संभव भए सम्म सदस्य संगको बचत संकलनलाइ पहिलो प्राथमिकता दिइनेछ तरलता व्यवस्थापन वा सदस्यले गरेको ऋण मागको चाप अनुसार अत्यावश्यक परेमा मात्र बाह्य ऋण लिने निति लिइनेछ।

१.२ संचालन क्षमता विकास योजना :

१.२.१ नविनतम प्रविधी विकास योजना

"**नविनतम प्रविधी संस्थाको टेवा, हातहात र घरघरबाट वित्तिय सेवा**" लाई मध्यनजर गर्दै संस्थाको सेवा सञ्चालनलाई प्रभावकारी, विश्वासिलो, भरपर्दो र समय सापेक्ष बनाउनका लागि प्रतिस्पर्धीहरुले प्रयोग गरेका वित्तिय बजारमा उपलब्ध भएका प्रविधीहरुलाई संस्थामा अबलम्बन गरि संस्थामा प्रविधि सेवाको विस्तार गरिनेछ। भने भईराखेको सेवालाइ गुणस्तरिय र थप प्रभावकारी बनाउदै लगीने छ।

क्र.सं.	प्रविधीको नाम	कहिले सम्म गर्ने?	सहकार्य	जिम्मेवारी
१	मेवाइल बैंकिङ	क्रमश स्तरोन्नती	एम बैंक/सेवा प्रदायक	व्यवस्थापन
२	क्यु आर सेवा	क्रमश स्तरोन्नती	एम बैंक/सेवा प्रदायक	व्यवस्थापन

१.२.२ प्रभावकारी सूचनाका लागि सूचना प्रविधीको विकास योजना

"**सदाचारयुक्त व्यवहार, प्रविधीमा आधारित सूचना र सरोकार**"लाई आत्मसाथ गर्दै संस्थाले नियमित रुपमा प्रकाशन र प्रशारण गर्नु पर्ने सूचनालाई प्रभावकारी बनाउदै सबै सदस्यहरुमा सूचनाको पहुँच विस्तारका लागि देहाएका योजनाहरुलाई संस्थाको सूचना प्रदान गर्ने औजारको रुपमा विकास गरिनेछ।

क्र.सं.	सूचनाको औजार	कहिले सम्म गर्ने ?	सहकार्य	जिम्मेवारी
१	वेवसाइट (Website)	क्रमश स्तरोन्नती	सेवा प्रदायक	व्यवस्थापन

१.२.३ वित्तिय व्यवस्थापनमा प्रमाणित विद्युतिय उपयोग कार्यक्रमणिका (एप्लीकेशन सफ्टवेयर) र डाटा व्याकअपको प्रयोग :

सहकारी नियमावली २०७५ को नियम २८ को उपनियम ३ बमोजिम हुने गरी लेखा विभागले तोकेको निर्धारक पूरा हुने गरी वित्तिय व्यवस्थापनका लागि वित्तिय सेवा प्रवाहलाई सरलीकृत, प्रभावकारी र विश्वासनिय बनाउनका लागि विद्युतिय उपयोग कार्यक्रमणिका (एप्लीकेशन सफ्टवेयर) को प्रयोग संस्था स्थापनाकाल देखि नै गरिएको छ जसलाइ निरन्तरता दिनका साथै थप व्यवस्थित बनाइने छ भने ऋणका कागजात तयारी गर्ने गरि ऋणकागजात व्यवस्थापन गर्ने सफ्टवेयर आकाश डिजिटल संग संभौता गरि कार्यान्वयनमा ल्याइएको छ।

क्र.सं.	एप्लीकेशन सफ्टवेयरको नाम	कहिले सम्म गर्ने ?	सहकार्य	जिम्मेवारी
१	Finacctplus cloud	स्तरोन्नती	Finacctpvt.ltd	व्यवस्थापन
२	Attendence Software	२०८३ असोज मसान्त	सेवा प्रदायक संस्था	व्यवस्थापन

हाल प्रयोग गरिएको कोर बैंकिङ्ग सिष्टम सफ्टवेयर लाइ आवश्यकता अनुसार स्तरोन्नती गराइने र उपलब्ध भए सम्म यो सफ्टवेयरमा भएका नविन प्रविधि सबै प्रयोग गर्न तर्फ लागीनेछ र यसमा समयानुकुल सेवा सुविधा थप हुन नसकी सदस्यको चाहना पुरा हुन नसकेको अवस्थामा भने संचालक समितिले आवश्यक अध्ययन गरि नयां कोर बैंकिङ्ग सिष्टम सफ्टवेयर परिवर्तन गर्न सक्नेछ।

१.२.४ संस्थागत संचालन क्षमता विकासका लागि सहकारी एकिकरण योजना :

यातायात साधनको सहज पहुँच भएको स्थानमा बढीमा ५ कि.मि र यातायातको साधनको सहज पहुँच नभएको ठाँउमा बढीमा २ कि.मि भन्दा टाढाबाट संस्थामा सेवा लिन कुनै पनि सदस्यहरुले धाउनु नपरोस भन्नका लागि कार्यक्षेत्र भित्र उद्देश्य मिलेका, समुदायमा आधारित भएर संचालनमा रहेका, कुनै पनि वित्तिय क्षती नव्यहोरेका र सदस्यहरुको दोहोरोपना देखिएका अन्य सहकारीहरुसंग"**प्रतिष्पर्धी र गुणस्तरीय सेवा प्रवाहका लागि भाइचारा र एकता**"भन्ने मुलमन्त्रका साथ एकिकरणका लागि आवश्यक पहल गरिनेछ। यसबाट सदस्यहरुका लागि सदस्य सेवाकेन्द्रहरुको विस्तार गर्दै लगिनेछ।

क्र.सं.	सम्भाव्य संस्थाको नाम	कसले पहल गर्ने ?	कहिले सम्म गर्ने ?	सहकार्य
१	छिमेकमा रहेका साकोस	सञ्चालक	निरन्तर छलफल	सम्बन्धित साकोस
२	कार्यक्षेत्र भित्रका साकोस	सञ्चालक	निरन्तर छलफल	सम्बन्धित साकोस

१.२.५ सदस्यहरुको लागि श्रोत केन्द्र स्थापना :

सदस्यहरुलाई सहकारी अभियान, सहकारी ऐन नियमावली, संस्थाको गतिविधी तथा आर्थिक क्षेत्रको गतिविधीहरुलाई सूसुचित गराउनका लागि संस्था भित्र सबै सदस्यहरुको सहज पहुँच पुग्ने गरी देहाएको व्यवस्था गरिनेछ।

क्र.सं.	श्रोत केन्द्रको नाम	कहिले सम्ममा ?	जिम्मेवारी
१	पुस्तकालयमा पुस्तकहरु थप गर्दै जाने	आवश्यकता अनुसार निरन्तर	व्यवस्थापन

२. सदस्य सेवा सम्बन्धी कार्यक्रम :

२.१ सदस्यहरुको लागि सहकारी शिक्षा, ऋण सदुपयोगीता तथा वित्तिय शाक्षारता कार्यक्रम :

युवा सदस्यहरुले आफ्नो रुची र व्यक्तिगत गुण र सीप बीचको तादम्यतामा सुझबुझ विकासका लागि

वित्तिय शिक्षा आजको अपरीहार्य शर्त भएका कारण देहाए बमोजिम युवाहरुको लागि सहकारी शिक्षा, ऋण सदुपयोगीता, वित्तिय शाक्षरता कार्यक्रमहरु संचालन गरिनेछ।

क्र.सं.	कार्यक्रमको स्थान	कार्यक्रम हुने मिति	संयोजन	सहकार्य
१	पार्वतिपुर	समिति निर्णय बमोजिम	शिक्षा उपसमिति	सदस्य
२	नारायणगढ	समिति निर्णय बमोजिम	शिक्षा उपसमिति	सदस्य
३	शारदानगर	समिति निर्णय बमोजिम	शिक्षा उपसमिति	सदस्य

२.१.२ **सदस्य सेवा सम्बन्धी कार्यक्रमको विवरण :**

सि.नं.	शिर्षक	मिति	लक्षित संख्या	बजेट
१	विस्तारीत मञ्च १२ वटा	विभिन्न मिति	४०० जना	१,००,०००।-
२	महिला सदस्य विशेष कार्यक्रम	नारी दिवस	१०० जना	३००००।-
३	वाल दिवश भदौ २९ गते	वाल दिवस	५० जना	३०,०००।-
४	स्थापना दिवश	असोज ९ गते	५० जना	२०,०००।-
५	होली कार्यक्रम	होलिको दिन	५० जना	१०,०००।-
६	नयाँ वर्ष शुभकामना	बैशाख १	५० जना	२०,०००।-
७	पूर्व योजना तथा बजेट कार्यक्रम	बैशाख महिना	३० जना	५०,०००।-
८	अध्ययन अबलोकन भ्रमण	समितिको निर्णय	सदस्यहरु	५,००,०००।-
९	सहकारी कानुनी शिक्षा २ पटक	फागुन	४० जना	४०,०००।-
१०	मोवाईल बैंकिङ सेवा विस्तार नयां थप गर्ने	नियमित	२०० जना	२०,०००।-
११	असल ऋणि, बचतकर्ता सम्मान-१५+१५ जना	नियमित	३० जना	३०,०००।-
१२	८४ वर्ष उमेर पुगेका सदस्य सम्मान	फागुन	२० जना	५०,०००।-
१३	१२ मा A+ जिपिए आउने व्यक्ति सम्मान	साधारण सभा	२४ जना	५०,०००।-
१४	Member of the month घोषणा।	मासिक रुपमा	२४ जना	२५,०००।-
१५	सदस्य वोर्ड प्रदान	नियमित	२०० जना	३०,०००।-
१६	स्वास्थ्य सेवा समन्वय स्वास्थ्य शिविर	माघ फागुन	३०० जना	१,००,०००।-
१७	सहकारी सचेतना कार्यक्रम (विद्यालय, कलेज)	नियमित	१०० जना	२०,०००।-
१८	सामाग्री वितरण सहित अर्धवार्षिक समिक्षा	माघ महिना	५० जना	१,००,०००।-

सि.नं.	शिर्षक	मिति	लक्षित संख्या	बजेट
१९	एक सदस्य एक फलफुल कार्यक्रमको थालनी	नियमित	१०० जना	३०,०००।-
२०	सदस्य कल्याणका कार्यहरु	नियमित	लक्षित सदस्य	१५,००,०००।-
	जम्मा बजेट			**२७,९५,०००।-**

यस कार्यक्रम संचालन सम्बन्धी अन्य व्यवस्था :

क्र.सं.	सहभागीको लागि सुविधा	खर्चको श्रोत	अन्य व्यवस्था भए उल्लेख गर्ने
१	स्टेशनरी तथा खाजा पानी	स्वकोष	तालिम संचालन
२	स्वरोजगार तथा व्यवसाय गर्नेका लागि विना धितो ऋण अधिकतम समयावधि बढिमा २ वर्ष	संस्थाको कोष	शेयर र मासिक वचतको कुल रकमको ८०% र मासिक बचतमात्र को अनुपातमा ९०% कायम हुनेगरी ऋण लगानी गरिने छ। तथा हाल लगानी भइरहेको सदस्यको हकमा रु.५,००,०००। सम्म विना धितो कर्जा लगानी गरिनेछ।

३. सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रम :

३.१ रक्तदान/स्वास्थ्य शिविर कार्यक्रम

समुदाय प्रति चासो सहकारीको एक सिद्धान्त हो । यस सिद्धान्तलाई आत्मसाथ गर्दै समुदायको लागि केही गर्नु पर्दछ भन्ने उद्देश्यका साथ विशेष दिनको अवसरमा खुल्ला रक्तदान/खुल्ला स्वास्थ्य शिविर सम्बन्धि कार्यक्रमहरु देहाए बमोजिम संचालन गरिनेछ।

क्र.सं.	कार्यक्रमको नाम	कहिले गर्ने ?	सहकार्य	जिम्मेवारी
१	रक्तदान कार्यक्रममा सहयोग	रेडक्रस सँग समन्वय	नेपालरेडक्रस सोसाइटी	सञ्चालक
२	स्वास्थ्य शिविर	२०८३ माघ/फागुन	विभिन्न अस्पताल	सञ्चालक

विविध कार्यक्रमहरु देहाए बमोजिम संचालन गरिनेछ।

क्र.स	कार्यक्रमको नाम	कहिले गर्ने ?	सहकार्य (वार्षिक)	जिम्मेवारी
१	मासिक बचत संकलन	प्रत्येक महिना	६० प्रतिशत सदस्यहरु	व्यवस्थापन
२	मोवाइल बैंकिङ्ग विस्तार	प्रत्येक महिना	३५ प्रतिशत सदस्यहरु	व्यवस्थापन
३	ऋण सदुपयोगिता निरिक्षण	प्रत्येक महिना	१५ प्रतिशत ऋणीसदस्य	व्यवस्थापन
४	प्रविधिको विस्तार	आवश्यकता अनुसार	सेवा प्रदायक कम्पनि	संचालक
५	सदस्य सन्तुष्टि सर्वेक्षण	प्रत्येक महिना	१० प्रतिशत सदस्यहरु	व्यवस्थापन

सदस्य कल्याण कार्यक्रम अन्तर्गत मापदण्ड र कार्यविधि तयार गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छः

- सदस्य बीमा
- औद्योगिक भ्रमण
- ज्येष्ठ सदस्य सम्मान
- स्टेशनरी वितरण
- पौष्टिक आहार वितरण
- फलफूलको विरुवा वितरण
- न्यानो कपडा वितरण

आ. व. २०८३/०८४ आषाढ मसान्तको प्रस्तावित वासलात

दायित्व शीर्षक	रकम रु	सम्पत्ति शिर्षक	रकम रु
शेयर रकम	८४५०७९००।-	नगद र बैंक	१५,००,००,०००।-
जगेडा कोष	४४४४५२००।-	वित्तिय लगानी	४५०१००० ।-
अन्य कोष	३५०००००।-	ऋण लगानी	५३,००,१६,७३४।-
बचत /निक्षेप	५६२४२५९०२।-	पाउनु पर्ने हिसाव	१५०६०३००।-
अन्य दायित्व	३,५१,२०,९९८।-	स्थिर तथा अन्य सम्पत्ति	३०४२१९६६।-
जम्मा	**७३,००,००,०००।–**	**जम्मा**	**७३,००,००,०००।–**

अन्तमा, आउँदै गरेको विजयादशमी, शुभ दीपावली, छठ एवम् ल्होसार पर्वको सु-अवसरमा हाम्रा सम्पूर्ण शेयर सदस्य एवम् शुभचिन्तक महानुवाहरुमा सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु।

अब म आजको लागि निर्णयार्थ निम्न प्रस्तावहरु पेश गर्न चाहन्छु,

१) आ.व. २०८२।०८३ को वार्षिक लेखा परिक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा।
२) आ.व. २०८३।०८४ को निति तथा कार्यक्रम र बजेट पारित सम्बन्धमा।
३) आ.व. २०८३।०८४ को लेखा परिक्षक नियुक्ति एवम् पारिश्रमिक निर्धारण सम्बन्धमा।
४) लाभांश वितरण सम्बन्धमा।
५) संशोधित तथा पुनर्लिखित आन्तरिक कार्यविधि पारित सम्बन्धमा।
६) दायित्व स्वीकार सम्बन्धमा।
७) प्रतिवेदनहरु पारित सम्बन्धमा।
८) सञ्चालक समितिका निर्णय अनुमोदन सम्बन्धमा।
९) अख्तियारी प्रदान सम्बन्धमा।
१०) टुटफूट सम्पत्ति विक्री सम्बन्धमा।
११) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि चयन सम्बन्धमा।
१२) विविध सम्बन्धमा।

१६ औँ साधारण सभामा कोषाध्यक्षको तर्फबाट प्रस्तुत प्रतिवेदन



निरु गुरुङ्ग घले
कोषाध्यक्ष

आदरणीय अध्यक्ष महोदय, कार्यसमितिका साथीहरु र उपस्थित सम्पूर्ण शेयर सदस्य तथा आदरणीय महानुभावहरु,

नमस्कार !

यस प्रेरणा बचत तथा ऋण सहकारी संस्था लि.को १६ औँ वार्षिक साधारण सभाको सुखद अवसरमा संस्थाको आर्थिक वर्ष २०८२।०८३ को आर्थिक प्रतिवेदन तथा आगामी आर्थिक वर्ष २०८३।०८४ को प्रस्तावित बजेट प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ। संस्थालाई वित्तिय रुपमा सबल, पारदर्शी र उत्तरदायी बनाउन यहाँहरुले पुऱ्याउनुभएको सहयोग र देखाउनुभएको विश्वासप्रति म हार्दिक आभार व्यक्त गर्दछु।

विगत आर्थिक वर्षमा भएका प्रमुख आर्थिक गतिविधि, वित्तिय सुचक र संस्थाको समग्र आर्थिक अवस्थाको संक्षिप्त विवरण निम्नानुसार प्रस्तुत गर्दछु।

१. **संक्षिप्त आर्थिक समीक्षा** (Financial Overview) : गएको आर्थिक वर्षमा देशको समग्र आर्थिक परिस्थितिका बाबजुद हाम्रो संस्थाले वित्तिय कारोबारमा राम्रो प्रगति हासिल गरेको छ। वित्तिय अनुशासन र आन्तरिक नियन्त्रण प्रणालीलाई थप मजबुत बनाउदै सदस्यहरुको बचतको सुरक्षा र उचित परिचालनमा विशेष ध्यान दिइएको छ।

२. **मुख्य वित्तीय सुचकहरु** (Key Financial Indicators) :

- **शेयर पुँजी** (Share Capital): गत वर्ष रु. ९,६९,६९,३००। रहेकोमा यस वर्ष ५.६३% ले ह्रास भई रु. ९,१५,०७,९००। पुगेको छ।
- **कुल बचत** (Total Deposit): सदस्यहरुबाट यस आर्थिक वर्षमा रु ५१,२२,०५,९०२। बचत संकलन भएको छ।
- **ऋण लगानी** (Loan Investment): यस वर्ष कुल रु. ४६,००,१६,७३४।५१ ऋण लगानी भएको छ।
- **खुद नाफा** (Net Profit) : सबै खर्चहरु कटाई यस आर्थिक वर्षमा संस्थाले रु ९९,०९,६२०।०० खुद नाफा आर्जन गर्न सफल भएको छ।

३. **कोषहरुको अवस्था** (Status OF Funds) : संस्थाको नियमावली तथा कानुनी प्रावधान बमोजिम खडा गरिएका बिभिन्न कोषहरुको मौज्दात निम्न बमोजिम रहेको छ।

- जगेडा कोष : रु. ४,२४,७१,७२९।-
- घाटा पूर्ति कोष/अन्य कोषहरु रु. २,२९,७४,६५३।-

५. **वाह्य लेखापरिक्षण** (External Audit): यस आर्थिक वर्षको आर्थिक कारोबारहरुको स्वतन्त्र लेखापरीक्षक **सि. कविता एण्ड एसोसियट्स**बाट कानुनी प्रावधान अनुरुप लेखापरीक्षण कार्य सम्पन्न भईसकेको छ। लेखापरीक्षकबाट प्राप्त प्रतिवेदन र सुझाबहरुलाई यसै बुकलेटमा विस्तृत रुपमा समावेश गरिएको छ।

निष्कर्ष तथा धन्यवाद

अन्त्यमा संस्थाको आर्थिक कारोबारलाई पारदर्शी बनाउन अहोरात्र खटिनुहुने कार्यसमितिका सदस्यहरु, लेखा सुपरिवेक्षण समिति, सम्पूर्ण कर्मचारी वर्ग र हामीलाई मार्गदर्शन गर्ने नियामक निकायहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। हाम्रा आदारणीय शेयर सदस्य महानुभावहरुले देखाउनुभएको अटुट विश्वास नै हाम्रो मुख्य ऊर्जा हो।

यस आर्थिक वर्षमा C कविता एण्ड एसोसिएट्सले तयार पारी पेश गरेको लेखा परीक्षण प्रतिवेदन यहाँहरु समक्ष पेश गर्दै आफ्नो राय, सल्लाह सुझावसहित पारित गरिदिनुहुन अनुरोध छ। धन्यवाद!

सदस्य पहिचान फाराम [KYM] भर्ने सम्बन्धमा

सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४ को दफा ७ क, सम्पति शुद्धीकरण निवारण नियमावली बमोजिम सहकारी विभागबाट जारी निर्देशन बमोजिम सदस्यहरूको पहिचान तथा सम्पुष्टी गरी सदस्यहरूको विवरण अद्यावधिक गर्नुपरेकोले KYM फाराम भर्न बाँकी सदस्यहरूले निम्न लिखित कागजात सहित संस्थामा उपस्थित भई KYM फारम मिति २०८२ साल पौष मसान्त अनिवार्यरूपमा अद्यावधिक गर्नु गराउनु हुन अनुरोध गरिन्छ।

आवश्यक कागजातहरू:-

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ प्रति (सक्कल साथमा ल्याउनु पर्ने),
- स्थायी बसोवासको प्रमाण (मतदाता परिचय-पत्र वा राष्ट्रिय परिचय-पत्र वा पानी बत्ती बिजुलीको भुक्तानी बील लालपुर्जा र एकीकृत सम्पति कर तिरेको रसिद) मध्ये कुनै एकको १ प्रति
- हालसालै खिचेको पासर्पोट साईजको फोटो २ प्रति
- हकवालाको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ प्रति

Kabita & ASSOCIATES
CHARTERED ACCOUNTANTS

Firm Reg. No. : 1375
COP No. : 1544
PAN No. : 109602811

प्रेरणा बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सदस्य महानुभावहरू समक्ष

स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

प्रतिकूल राय (Adverse Opinion) :

हामीले प्रेरणा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको वित्तीय विवरण, जसले २०८३ साल असार मसान्तको वित्तीय स्थिति विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०८२/८३ को आय व्यय विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन विवरण तथा वित्तीय विवरणहरुसँग सम्बन्धित प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरु समावेश गर्दछ, को लेखापरीक्षण सम्पन्न गरेका छौं ।

प्रतिकूल रायको आधार' अनुच्छेदमा उल्लेख गरिएका विषयहरुको महत्व तथा व्यापकताका कारण, नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards) अनुरुप संस्थाका उक्त वित्तीय विवरणहरुले २०८३ असार मसान्तको वित्तीय स्थिति, सो मितिमा समाप्त आर्थिक वर्ष २०८२/८३ को आर्थिक प्रतिफल तथा नगद प्रवाहलाई यथार्थ र उचित रुपमा प्रस्तुत गरेका छैनन् ।

प्रतिकूल रायको आधार (Basis for Adverse Opinion) :

नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार आ.व. २०८२/८३ मा तयार गरिएको वित्तीय विवरणहरू लेखापरीक्षणका क्रममा सहकारी ऐन, सहकारी नियमावली तथा सहकारी विभागबाट जारी मापदण्ड तथा निर्देशनहरूको पालनाको सम्बन्धमा देखिएका कैफियतहरू :

१) संस्थाले प्रस्तुत गरेको वित्तीय विवरणहरु नेपाल लेखामान बोर्डद्धारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदन मान (NFRS for SMEs) आंशिक रुपमा मात्रै लागु गरि वित्तिय विवरण तयार गरिएको छ । यस कारण, केही वित्तीय सूचनाको प्रस्तुतीकरण, खुलासा वा पुर्नलेखन अपुरो रहेको देखिन्छ ।

साथै, संस्थाले २०८३ असार मसान्तमा कायम बक्यौता ऋणका आधारमा ऋण नोक्सानी व्यवस्था रु ४,४०,०३,६६७ कायम गर्नुपर्नेमा रु २,२९,७४,६५३ मात्र कायम गरेको छ । यस कारण ऋण नोक्सानी व्यवस्था रु २,१०,२९,०१४ ले अपुग रही सोही रकमले चालु आर्थिक वर्षको खुद नाफा, जगेडा कोष तथा ऋण लगानीको खुद रकम बढी देखिएको छ । यसको प्रभाव वित्तीय विवरणमा व्यापक रहेकाले हामीले प्रतिकूल राय व्यक्त गरेका छौं ।

२) सहकारी ऐन, २०७४ को दफा ३२ को व्यवस्था अनुसार तोकिएका बाहेकका संस्थागत सदस्य रहेमा ५ वर्ष भित्रमा सदस्यता अन्त्य गर्नुपर्नेमा अझै केही तोकिएका बाहेकका संस्थागत सदस्य कायम नै रहेको पाईयो ।

३) सहकारी विभाग बाट जारी एकीकृत निर्देशिका २०८२ को बुँदा नं. ४४ भाखा नाघेका कर्जा ५ प्रतिशत भन्दा कम कायम गर्नुपर्ने रहेता पनि संस्थाको भाखा नाघेको ऋणको प्रतिशत १२ % भएको पाइयो ।

४) संस्थाले कुल बचतको अनुपातमा २०% भन्दा बढी नहुने गरी आवधिक बचतको व्यवस्थापन गर्नुपर्नेमा २०% भन्दा बढी आवधिक बचत संकलन गरेको पाइयो ।

Bhartapur-7, Chitwan
9851466000, 9845999171
contact@ckabitaassociates.com.np

लेखापरिक्षणको मुख्य विषयहरू (Key Audit Matters) :

लेखापरीक्षणको मुख्य विषयहरू ती विषयहरू हुन जुन हाम्रो व्यवसायिक निर्णयमा हालको अवधिको वित्तीय विवणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छ । यी विषयहरू हाम्रो समग्र वित्तीय विवरणहरूको लेखापरीक्षणको सन्दर्भमा र त्यसमा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरिएको थियो र हामी यी विषयहरूमा छुट्टै राय प्रदान गर्दैनौं ।

संस्था र लेखापरीक्षणका तथ्य र परिस्थितिहरूमा निर्भर गर्दै, हामीले हाम्रो प्रतिवेदनमा सञ्चार गर्न कुनै प्रमुख लेखापरीक्षण विषयहरू छैनन भनी निर्धारण गरेका छौं ।

अन्य विषय (Other Matter)

लेखापरीक्षणको क्रममा हामीलाई जानकारी हुन आएका आन्तरीक नियन्त्रणसँग सम्बन्धित कमीकमजोरीहरू तथा सो निराकरणका लागि दिइएका सुझावहरू (व्यावस्थापन पत्र) प्रति यहाँहरूको ध्यानकर्षण गर्दछौं ।

वित्तीय विवरणप्रति व्यवस्थापनको उत्तरदायित्व :

नेपाल लेखामान अनुरूप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत किसिमले त्रुटीरहित, वित्तीय विवरण तयार पार्ने, आन्तरीक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने, लेखानीतिहरूको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान र खुलासा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले संस्थाको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरूको खुलासा गर्नुपर्दछ साथै संस्थालाई लिकुइडेट गर्न वा संचालन बन्द गर्न नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक बिकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न (Going Concern) निकायलाई लेखापालनको आधारको रूपमा प्रयोग गर्नुपर्दछ । यो सबै व्यवस्थापनको पूर्ण रूपमा जिम्मेवारी रहन्छ । संस्थाको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थाको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :

वित्तीय विवरणहरू सम्पूर्ण रूपमा चाहे जालसाजी वा गलतीबाट होस, सारभूत रूपमा त्रुटी रहित छन् वा छैनन् भन्ने बारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक उच्च आश्वस्तता भएतापनि सारभूत त्रुटीहरू विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमानहरू बमोजिम गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरू सधै पहिचान हुन्छ भन्ने आश्वस्तता रहदैन । गलत प्रस्तुती, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन र ती प्रस्तुतीहरूले वित्तीय विवरणको आधारमा प्रयोगकर्ताहरूले लिने आर्थिक निर्णयहरूलाई अलग अलग वा समग्ररूपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भने, उक्त गलत प्रस्तुतीलाई सारभूत रूपमा गलत प्रस्तुती भनिन्छ ।

नेपाल लेखापरीक्षण मान बमोजिम लेखापरीक्षणको क्रममा हामी व्यवसायीक सन्देह कायम राखी पेशागत अभ्यास गर्दछौं । क्रमश हामीले

- ✓ वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतीहरूको जोखिम पहिचान तथा मूल्यांकन गरी ती जोखिमहरूको लागि प्रभावकारी लेखापरीक्षण प्रकृयाहरू तर्जुमा गरी हाम्रो मन्तव्य प्रदान गर्ने आधारहरूको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौ । मिलीभगत, ठगी, जानाजानी चुक, गलत प्रतिनिधित्व वा आन्तरीक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकाले गल्तीहरू भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतीहरूको पहिचान नहुने जोखिम अधिक रहन्छ ।
- ✓ संस्थाको आन्तरीक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धी राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रकृयाहरू तजुर्मा गर्नका लागि लेखापरीक्षणमा प्रासंगिक हुने संस्थाको आन्तरीक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।
- ✓ व्यवस्थापनले प्रयोग गरेको लेखा नीतिहरूको औचित्य लेखा अनुमानको व्यवहारीकता तथा लेखा सम्बन्धी खुलासाहरूको बारेमा जानकारी प्राप्त गर्दछौं ।

- ✓ व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारीत लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारको कुनै घटना वा अवस्थाहरूसंग सम्बन्धीत सारभूत अनिश्चितताको संस्थाको व्यवसायको निरन्तरताको क्षमतामा उल्लेख्य शंका उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय परीमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारीत रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरूले संस्था अविछिन्न निकायको रूपमा नरहन सक्दछ ।
- ✓ वित्तीय विवरणको समग्र प्रस्तुतीकरणको ढाचाँ र खुलासा सहितको विषयवस्तु तथा अर्न्तनिर्हित कारोबार एंवम घटनाहरूलाई वित्तीय विवरणमा निष्पक्ष रूपमा प्रस्तुतीकरण गरे नगरेको मूल्यांकन गर्दछौ । हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी वहन गरेकाहरूलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षणका खोजहरू लगायत संस्थाको आन्तरीक नियन्त्रण प्रणालीमा रहेका महत्वपूर्ण कमी कमजोरीहरूको जानकारी गराउदछौं । सुशासनको जिम्मेवारी वहन गरेकाहरूलाई प्रासगिंक नैतिक आवश्यकताहरू पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरू साथै सो सम्बन्धी प्रतिरोधका बारेमा समेत जानकारी गराउदछौं ।

अन्य कानुनी तथा नियमकारीको आवश्यकता माथिको प्रतिवेदन :

माथि उल्लेखित व्यहोराको अतिरिक्त हामीले गरेको लेखापरीक्षण तथा हामीलाई प्राप्त सूचना एवम उपलब्ध स्पष्टीकरणको आधारमा निम्नानुसारको थप प्रतिवेदन पेश गर्दछौं :

क) हामीले लेखापरीक्षणका लागि आवश्यक ठानेका मध्ये प्रतिकूल राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख गरिएका बाहेक सबै सूचना तथा स्पष्टिकरणहरू यथाशीघ्र पायौं।

ख) यस प्रतिवेदनसँग सम्बन्धीत संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तत्सम्बन्धी अनुसूचिहरूले लेखाको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार प्रतिकूल राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख गरिएका बाहेकका विषयमा समुचित तथा यथार्थ चित्रण गर्दछ ।

ग) हामीले लेखारीक्षण गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा संस्थाका हिसाब किताबहरू प्रतिकूल राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख गरिएका बाहेक र सहकारी विभागद्वारा लेखापरीक्षण लङ्ग फर्म प्रतिवेदनमा उल्लेखित टिप्पणीहरू बाहेक प्रचलित ऐन बमोजिम ठीकसँग राखिएका छन् ।

घ) लेखापरीक्षणको शिलशिलामा पाएसम्मको सूचना एवम हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा संस्थाको हिसाब किताबको परीक्षणको आधारमा सञ्चालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत काम गरेको वा अनियमित कार्य गरेको वा संस्थाको सम्पति हिनामिना गरेको वा संस्था र निक्षेपकर्ता हरूको हित संरक्षण विरूद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

ङ) संस्थाको संचालक समिति वा कुनै संचालक वा संस्थाको कुनै कर्मचारीले लेखा सम्बन्धी कुनै ऐन विरूद्ध काम गरेको वा संस्थालाई कुनै हानी नोक्सानी वा बेहिसाब गरेको देखिदैन ।

C. Kabita & Associates ★ Chartered Accountants ★

सि.ए. कविता चौधरी
प्रोप्राईटर
सि. कविता एण्ड एसोसिएट्स , चार्टर्ड एकाउन्टेन्ट्स
स्थान : भरतपुर, चितवन, नेपाल
UDIN : 260929CA02320Rca8m
मिति: २०८३/०६/०७

प्रेरणा बचत तथा ऋण सहकारी संस्था लि.

वित्तीय स्थितीको विवरण (वासलात)

२०८३ साल आषाढ मसान्त सम्मको

रकम(रु)

विवरण	नोट	३२ आषाढ २०८३	३१ आषाढ २०८२	३१ आषाढ २०८१
सम्पति				
नगद तथा नगद सरह	४.१	१९,९८,४६,१२८	१६,११,०६,१२२	७,४७,५०,९८४
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	४.२	–	–	८,००,००,०००
सदस्यहरुलाई ऋण तथा सापट	४.३	४३,९०,०८,६०९	४२,६६,१८,४१३	४०,२६,७८,३४७
कर्मचारीलाई ऋण तथा सापट	४.४	–	–	–
वितिय लगानी हिसाब	४.५	४८,७७,३५५	४७,८२,२७४	४६,७७,७२२
चालु कर सम्पत्ति	४.६	(१०,५६,९८६)	(९,५१,९१८)	(२८,४६,०६७)
लगानी सम्पत्तिहरू	४.७	–	–	–
सम्पत्ति संयन्त्र तथा उपकरण	४.८	१,७४,१३,८४७	१,७९,९९,११४	१,८३,५४,७६४
सम्पत्ति प्रयोग गर्ने अधिकार	४.९	५,१२,९२९	७,१५,४३५	९,१७,९४०
अन्य सम्पत्ति	४.११	५,३३,७७५	२,००,०००	५,८१,१९५
कुल सम्पत्ति		**६६,११,३५,६५७**	**६१,०४,६९,४३९**	**५७,९१,१४,८८४**

विवरण	नोट	३२ आषाढ २०८३	३१ आषाढ २०८२	३१ आषाढ २०८१
दायित्वहरु				
सदस्यवाट बचत र निक्षेप दायित्व	४.१२	५१,२२,०५,९०२	४५,८०,५३,१०१	४२,१७,९६,७६५
कर्जा सापटी	४.१३	–	–	–
कर्मचारी लाभहरूको लागि व्यवस्था	४.१४	–	–	–
स्थगन कर दायित्व	४.१०	३,८०,९८२	४,२४,४४६	२,८४,०६५
पट्टा दायित्व	४.९	५,७८,५२६	७,६८,६९६	९,१७,९४०
अनुदान दायित्वहरू	४.१५	–	–	–
अन्य दायित्व	४.१६	२५,६५,६५४	१७,६९,२७३	१८,६३,०९२
कुल दायित्व		**५१,५७,३१,०६३**	**४६,१०,१५,५१६**	**४२,४८,६१,८६२**
पुँजी				
शेयर पुँजी	४.१७	९,१५,०७,९००	९,६९,६९,३००	१०,१५,३४,०००
साधारण जगेडा कोष	४.१८	४,२४,७१,७२९	४,०४,३५,६२१	३,७६,१०,११०
संरक्षित पूँजी फिर्ता कोष		१५,२१,४५६	२१,१९,१३३	३१,४७,४०४
अन्य वैधानिक कोषहरु	४.१९	९९,०३,५०८	९९,२९,८७०	१,१९,६१,५०८
पूनमूल्याङ्कन कोष		–	–	–
उचित मुल्य कोष		–	–	–
संचित मूनाफा		–	०	–
कुल पुँजी		**१४,५४,०४,५९४**	**१४,९४,५३,९२४**	**१५,४२,५३,०२२**
कुल पुँजी तथा दायित्व		**६६,११,३५,६५७**	**६१,०४,६९,४४०**	**५७,९१,१४,८८४**

आजको मितिमा सुलंचित प्रतिवेदन अनुसार,

गोबिन्द सुवेदी	निरु गुरुङ्ग घले	अम्बर ब. गुरुङ्ग	शालिक दवाडी	श्रीकान्त बराल	सि. ए. कविता चौधरी
प्रमुख कार्यकारी अधिकृत	**कोषाध्यक्ष**	**सचिव**	**उपाध्यक्ष**	**अध्यक्ष**	*प्रोप्राइटर*

सि. कविता एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

प्रेरणा बचत तथा ऋण सहकारी संस्था लि.

नाफा नोक्सान विवरण

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

रकम(रु)

विवरण	नोट	आ.व.२०८२/२०८३	आ.व.२०८१/२०८२
ब्याज आम्दानी	४.२२	४,४०,६८,७५८	५,८१,७०,८७८
ब्याज खर्च	४.२३	(२,५७,९२,९६३)	(३,५१,९६,९०९)
खुद ब्याज आम्दानी		**१,८२,७५,७९५**	**२,२९,७३,९६९**
अन्य सञ्चालन आम्दानी	४.२४	४९,०९,७५४	५९,७४,०७९
अन्य प्रत्यक्ष खर्च	४.२५	-	-
खुद बिक्रि तथा अन्य सञ्चालन आम्दानी		**४९,०९,७५४**	**५९,७४,०७९**
खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी		**२,३१,८५,५४९**	**२,८९,४८,०४८**
अन्य सञ्चालन आम्दानी	४.२६	१,८७,३४७	२,७२,६११
जम्मा सञ्चालन आम्दानी		**२,३३,७२,८९५**	**२,९२,२०,६५९**
कर्जाको क्षयिकरण/कर्जा तथा अन्य हानीको फिर्ता	४.२७	(८,७०,३६९)	(१०,१७,३५५)
खुद सञ्चालन आम्दानी		**२,२५,०२,५२६**	**२,८२,०३,३०४**
सञ्चालन खर्च			
कर्मचारी लाभ खर्च	४.२८	(६९,४२,८०३)	(७५,८८,२०२)
अन्य सञ्चालन खर्च	४.२९	(४४,५९,१९६)	(४५,३७,९४५)
ह्रास कट्टि, परिशोधन तथा क्षयिकरण खर्च	४.३	(११,९०,९०७)	(१२,४७,६९८)
सञ्चालन नाफा		**९९,०९,६२०**	**१,४८,२९,४६०**
गैर संचालन आम्दानी	४.३१	-	-
गैर संचालन खर्च	४.३२	-	-
आयकर अघिको नाफा		**९९,०९,६२०**	**१,४८,२९,४६०**
आयकर खर्च	४.३३		
चालू कर		(२०,१२,५०६)	(२८,२५,५११)
स्थगन कर खर्च/(आम्दानी)		४३,४६४	(१,४०,३८१)
यस अवधिको नाफा		**७९,४०,५७८**	**१,१८,६३,५६८**

आजको मितिमा संलग्न प्रतिवेदन अनुसार,

गोविन्द सुबेदी
प्रमुख कार्यकारी अधिकृत

निरु गुरुङ घले
कोषाध्यक्ष

अम्बर ब. गुरुङ
सचिव

शालिक दवाडी
उपाध्यक्ष

श्रीकान्त बराल
अध्यक्ष

C. Kabita & Associates Chartered Accountants

सि. ए. कविता चौधरी
प्रोप्राइटर
सि! कविता एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

प्रेरणा बचत तथा ऋण सहकारी संस्था लि.

नगद प्रवाह विवरण

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

रकम(रु)

विवरण	आ.व.२०८२/२०८३	आ.व.२०८१/२०८२
कारोबार संचालनबाट नगद प्रवाह		
व्याज आम्दानी	४,४०,६८,७५८	५,८१,७०,८७८
शुल्क तथा अन्य सञ्चालन आम्दानी प्राप्ती	४९,०९,७५४	५९,७४,०७९
भुक्तानी गरिएको व्याज खर्च	(२,५७,९२,९६३)	(३,५१,९६,९०९)
नगद भुक्तानी कर्मचारी खर्च	(६९,४२,८०३)	(७५,८८,२०२)
भुक्तानी गरिएको अन्य कार्यालय सञ्चालन खर्च	(४४,५९,१९६)	(४५,३७,९४५)
सञ्चालन सम्पत्ति र दायित्वको घटबढ अघिको संचालक नगद प्रवाह	**१,१७,८३,५५०**	**१,६८,२१,९०१**
सञ्चालन सम्बन्धी सम्पत्तिमा कमी/(वृद्धि)		
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	–	८,००,००,०००
सदस्यलाई ऋण लगानी	(१,३२,६०,५६५)	(२,४९,५७,४२१)
अन्य सम्पत्ति	(३,३३,७७५)	३,८१,१९५
सञ्चालन सम्बन्धी चालु दायित्वमा (कमी)/वृद्धि		
सदस्यबाट बचत र निक्षेप दायित्व	५,४१,५२,८०२	३,६२,५६,३३५
अन्य दायित्व	७,९६,३८०	(९३,८१८)
आयकर अगाडिको कार्यगत गतिविधिबाट खुद नगद प्रवाह	**५,३१,३८,३९१.३८**	**१०,८४,०८,१९२**
आयकर भुक्तानी	(१९,०७,४३८)	(४७,१९,६६०)
सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह	**५,१२,३०,९५४**	**१०,३६,८८,५३२**
लगानी कारोवारमा नगद प्रवाह		
सम्पत्ति संयन्त्र तथा उपकरणको खरिद	(४,०३,१३५)	(६,८९,५४३)
वित्तीय लगानी तथा लगानी सम्पत्तिमा (लगानी)/फिर्ता	(९५,०८१)	(१,०४,५५२)
लाभांश तथा फिर्ता भएको संरक्षण पुँजीकोष प्राप्ती	१,८७,३४७	२,७२,६११
लगानी गतिविधिको खुद नगद प्रवाह	**(३,१०,८६९)**	**(५,२१,४८४)**
पट्टा दायित्वको भुक्तानी	(१,९०,१७०)	(१,४९,२४४)
शेयर पुंजी जारीबाट प्राप्त	(५४,६१,४००)	(४५,६४,७००)
लाभांश भुक्तानी	(४१,०४,७६१)	(६०,९६,५२१)
संरक्षण पुँजीकोष भुक्तानी	(२१,१९,१३३)	(३१,४७,४०४)
कोषमा थप/(उपयोग)	(३,०४,६१४)	(२८,५४,०४१)
वित्तीय गतिविधिबाट खुद नगद प्रवाह	**(१,२१,८०,०७८)**	**(१,६८,११,९०९**
नगद तथा नगद सरहमा भएको खुद वृद्धि (कमी)	**३,८७,४०,००६**	**८,६३,५५,१३८**
सुरु मौज्दात रहेको नगद तथा नगद समान	१६,११,०६,१२२	७,४७,५०,९८४
नगद तथा नगद समानमा विनिमय दरको उतार चढावको असर	–	–
नगद तथा नगद सरहमा अन्तिम मौज्दात	**१९,९८,४६,१२८**	**१६,११,०६,१२२**

गोविन्द सुबेदी	निरु गुरुङ घले	अम्बर ब. गुरुङ	शालिक दवाडी	श्रीकान्त बराल
प्रमुख कार्यकारी अधिकृत	**कोषाध्यक्ष**	**सचिव**	**उपाध्यक्ष**	**अध्यक्ष**

सि. ए. कविता चौधरी
प्रोप्राइटर
सि. कविता एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

प्रेरणा बचत तथा ऋण सहकारी संस्था लि.


अन्य विस्तृत आम्दानीको विवरण

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

रकम(रु)

विवरण	आ.व.२०८२/२०८३	आ.व.२०८१/२०८२
यस वर्षको नाफा	**७९,४०,५७८**	**१,१८,६३,५६८**
आयकर पछिको अन्य विस्तृत आम्दानी(Other Comprehensive Income)		
क) नाफा/(नोक्सान) मा पुनः वर्गिकरण नगरिने		
पुनः मुल्याङ्कन बाट भएका नाफा/(नोक्सान)	**-**	**-**
परिभाषित लाभ योजनाबाट विमाङ्कित नाफा/(नोक्सान)	-	-
माथि उल्लेख गरिएको बुँदाको आयकर	-	-
नाफा/(नोक्सान) मा पुनः वर्गिकरण नगरिने खुद अन्य विस्तृत आम्दानी(Other Comprehensive Income)	**-**	**-**
ख) नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिएका वा गर्न लायक		
सटही नाफा/(नोक्सान) (विदेशी सञ्चालनको वित्तीय सम्पत्तिको रुपान्तरणमा भएको)	-	-
माथि उल्लेख गरिएको बुँदाको आयकर		
नाफा/(नोक्सान) पुनः वर्गिकरण		
नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिएका वा गर्न लायक अन्य विस्तृत आम्दानी (Other Comprehensive Income)	**-**	**-**
यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी(Other Comprehensive Income)	**-**	**-**
जम्मा विस्तृत आम्दानी	**७९,४०,५७८**	**१,१८,६३,५६८**

आजको मितिमा संलग्न प्रतिवेदन अनुसार,




प्रेरणा बचत तथा ऋण सहकारी संस्था लि.

अन्य वैधानिक कोषहरु

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

रकम(रु)

विवरण	शेयर लाभांश कोष	सहकारी शिक्षा कोष	घाटापूर्ति कोष	संस्थागत विकास कोष	सामुदायिक विकास कोष	सहकारी स्थिरीकरण कोष	अन्य जोखिम व्यहोर्ने कोष	जम्मा
श्रावण १, २०८१ सालको मौज्दात	६०,९६,५२१	४,६८,९६३	१०,५७,७५६	४,६८,९६३	१०,५७,७५६	६,१७,५३३	१०,५७,७५६	**१,०८,२५,२४८**
नाफाबाट बाँडफाँड	४१,०४,७६१	३,१५,७५१	३,१५,७५१	३,१५,७५१	३,१५,७५१	३,१५,७५१	३,१५,७५१	**५९,९९,२६६**
कोषमा सारिएको रकम	-	-	-	-	-	-	-	**-**
कोषबाट भुक्तानी	(६०,९६,५२१)	(४,६८,९६३)	-	(३,६२,९०६)	(१०,५७,७५६)	(६,०६,२८२)	-	**(८५,९२,४२८)**
अन्य समायोजन	**-**	**-**	**-**	**-**	**-**	**-**	**-**	**-**
आषाढ मसान्त २०८२ को अन्तिम मौज्दात	**४१,०४,७६१**	**३,१५,७५१**	**१३,७३,५०७**	**४,२१,८०८**	**३,१५,७५१**	**३,२७,००२**	**१३,७३,५०७**	**८२,३२,०८६**
नाफाबाट बाँडफाँड	२९,४७,०६१	२,२६,६९७	२,२६,६९७	२,२६,६९७	२,२६,६९७	२,२६,६९७	२,२६,६९७	**४३,०७,२४३**
कोषमा सारिएको रकम	-	-	-	-	-	-	-	**-**
कोषबाट भुक्तानी	(४१,०४,७६१)	(५४,९८८)	-	-	-	-	-	**(४१,५९,७४९**
अन्य समायोजन	-	-	-	-	-	-	-	**-**
आषाढ मसान्त २०८३ को अन्तिम मौज्दात	**२९,४७,०६१**	**४,८७,४६०**	**१६,००,२०४**	**६,४८,५०५**	**५,४२,४४८**	**५,५३,६९९**	**१६,००,२०४**	**८३,७९,५८१**



प्रेरणा बचत तथा ऋण सहकारी संस्था लि.

नाफाको बाँडफाँड हिसाब

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

रकम(रु)

विवरण	आ.व.२०८२/२०८३	आ.व.२०८१/२०८२
यस आ.व.को नाफा/नोक्सान	७९,४०,५७८	१,१८,६३,५६८
परिभाषित लाभ योजनाबाट विमाङ्कित नाफा/(नोक्सान)	-	-
वास्तविक मुल्य नाफा	-	-
NFRS समायोजन कोष अघिको नाफा/(नोक्सान)	**७९,४०,५७८**	**१,१८,६३,५६८**
क) ब्याज वक्यौता घट/बढ	(२,०४,९८५)	७,५१,१८७
ख) स्थगन कर सम्पत्ति/दायित्व घट/बढ	४३,४६४	(१,४०,३८१)
ग) पट्टा सम्पत्ति तथा पट्टा दायित्व (NFRS 16) को घट/बढ	(१२,३३५)	(५३,२६१)
घ) अन्य NFRS समायोजन	-	३,९७८
NFRS समायोजन कोष पछिको नाफा (बाँडफाँड योग्य नाफा)	**८१,१४,४३५**	**१,१३,०२,०४४**
साधारण जगेडा कोष	२०,२८,६०९	२८,२५,५११
साधारण जगेडा कोष पछिको रकम	**६०,८५,८२६**	**८४,७६,५३३**
संरक्षित पुँजी फिर्ता कोष	१५,२१,४५६	२१,१९,१३३
सहकारी प्रवर्धन कोष	३०,४२९	४२,३८३
अन्य कोषहरुमा वितरण योग्य रकम	**४५,३३,९४०**	**६३,१५,०१७**
सेयर लाभांश कोष	२९,४७,०६१	४१,०४,७६१
सहकारी शिक्षा कोष	२,२६,६९७	३,१५,७५१
घाटापूर्ति कोष	२,२६,६९७	३,१५,७५१
सहकारी विकास कोष	२,२६,६९७	३,१५,७५१
सामुदायिक विकाश कोष	२,२६,६९७	३,१५,७५१
स्थिरीकरण कोष	२,२६,६९७	३,१५,७५१
कर्मचारी बोनस कोष	२,२६,६९७	३,१५,७५१
अन्य जोखिम बेहोर्ने कोष	२,२६,६९७	३,१५,७५१
जम्मा	**-**	**-**

प्रेरणा बचत तथा ऋण सहकारी संस्था लि.

इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

रकम(रु)

विवरण	शेयर पुँजी	साधारण जगेडा कोष	पूनमूल्याङ्कन कोष	संरक्षित पुंजी फिर्ता कोष	एन.एफ.आर.एस समायोजन कोष	वास्तविक मुल्य कोष	अन्य वैधानिक कोषहरु	सञ्चित मुनाफा	जम्मा
श्रावण १, २०८१ सालको मौज्दात	**१०,१५,३४,०००**	**३,७६,१०,११०**	**-**	**३१,४७,४०४**		**-**	**१,०८,२५,२४८**	**-**	**१५,३१,१६,७६२**
NFRS for SMEs समायोजन बमोजिम समायोजन/ पुन:स्थापना	-	-	-	-	११,३६,२६०	-	-	-	**११,३६,२६०**
श्रावण १, २०८१ सालको मौज्दात (संशोधित)	**१०,१५,३४,०००**	**३,७६,१०,११०**	**-**	**३१,४७,४०४**	**११,३६,२६०**	**-**	**१,०८,२५,२४८**	**-**	**१५,४२,५३,०२२**
यस वर्षको विस्तृत आम्दानी(Comprehensive Income)									
नाफा	-							१,१८,६३,५६८	**१,१८,६३,५६८**
आयकर पश्चात्तको अन्य विस्तृत आम्दानी	-	-	-	-			-	-	**-**
पुन: मूल्याङ्कन बाट भएका नाफा/ (नोक्सान)	-								**-**
परिभाषित लाभ योजनाबाट विमाङ्कित नाफा/ (नोक्सान)	-							-	-
यस वर्षको कुल विस्तृत आम्दानी(Comprehensive Income)	**-**	**-**	**-**	**-**			**-**	**१,१८,६३,५६८**	**१,१८,६३,५६८**
यस वर्षको कोष बाँडफाँड	-	२८,२५,५११	-	२१,१९,१३३		-	५९,९९,२६६	(१,१३,०२,०४४)	**(३,५८,१३४)**
यस वर्षको जगेडा कोषमा स्थानान्तरण	-	-	-	-	५,६१,५२४	-	-	(५,६१,५२४)	**-**
कोषबाट भुक्तानी	-	-	-	(३१,४७,४०४)		-	(८५,९२,४२८)	-	(१,१७,३९,८३२)
इक्विटीमा देखाईएको शेयरधनी सँगको कारोबार									**-**
शेयर निष्काशन	१२,०४,०००								**१२,०४,०००**
शेयर फिर्ता	(५७,६८,७००)								**(५७,६८,७००)**
शेयर धनीलाई नगद लाभांश वितरण	-	-	-	-			-	-	**-**
शेयर धनीलाई संरक्षित पुँजी फिर्ता	-	-	-	-		-	-	-	**-**
अन्य कोषमा स्थानान्तरण	-	-	-	-		-	-	-	**-**
अन्य	-	-	-	-			-	-	**-**
आषाढ २०८२ को अन्तिम मौज्दात	**९,६९,६९,३००**	**४,०४,३५,६२१**	**-**	**२१,१९,१३३**	**१६,९७,७८४**	**-**	**८२,३२,०८६**	**०**	**१४,९४,५३,९२४**


प्रेरणा बचत तथा ऋण सहकारी संस्था लि.

इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

रकम(रु)

विवरण	शेयर पुँजी	साधारण जगेडा कोष	पूनमूल्याङ्कन कोष	संरक्षित पुंजी फिर्ता कोष	एन.एफ.आर.एस समायोजन कोष	वास्तविक मुल्य कोष	अन्य वैधानिक कोषहरु	सञ्चित मुनाफा	जम्मा
श्रावण १, २०८२ सालको मौज्दात	**९,६९,६९,३००**	**४,०४,३५,६२९**	**-**	**२१,१९,१३३**	**१६,९७,७८४**	**-**	**८२,३२,०८६**	**०**	**१४,९४,५३,९२४**
यस वर्षको विस्तृत आम्दानी आ.व २०८२/८३									
नाफा	-	-	-	-			-	७९,४०,५७८	**७९,४०,५७८**
आयकर पश्चात्तको अन्य विस्तृत आम्दानी(OCI)	-	-	-	-			-	-	**-**
पुनः मूल्याङ्कन बाट भएका नाफा/(नोक्सान)			-						**-**
परिभाषित लाभ योजनामा विमाङ्कित नाफा/(नोक्सान)				-				-	**-**
कुल विस्तृत आम्दानी	**-**	**-**	**-**	**-**			**-**	**७९,४०,५७८**	**७९,४०,५७८**
कोष बाँडफाँड	-	२०,२८,६०९	-	१५,२१,४५६		-	४३,०७,२४३	(८१,१४,४३५)	**(२,५७,१२६)**
जगेडा कोषमा स्थानान्तरण	-	-	-	-		-	-	-	**-**
कोषबाट भुक्तानी	-	-	-	(२१,१९,१३३)	(१,७३,८५६)	-	(४१,५९,७४९)	१,७३,८५६	**(६२,७८,८८२)**
इक्विटीमा देखाईएको शेयरधनी सँगको कारोबार									**-**
शेयर निष्काशन	११,२९,२००	-	-	-			-	-	**११,२९,२००**
शेयर फिर्ता	(६५,९०,६००)	-	-	-			-	-	**(६५,९०,६००)**
शेयर धनीलाई लाभांश वितरण									**-**
शेयर धनीलाई संरक्षित पुंजी फिर्ता	-	-	-	-		-	-	-	**-**
नगद लाभांश वितरण	-	-	-	-		-	-	-	**-**
अन्य	-	७,५००	-	-			-	-	**७,५००**
आषाढ २०८३ मसान्त को अन्तिम मौज्दात	**९,१५,०७,९००**	**४,२४,७१,७२९**	**-**	**१५,२१,४५६**	**१५,२३,९२७**	**-**	**८३,७९,५८१**	**-**	**१४,५४,०४,५९४**



प्रेरणा बचत तथा ऋण सहकारी संस्था

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८२/८३

१. संगठनात्मक जानकारी

प्रेरणा बचत तथा ऋण सहकारी संस्था सहकारी ऐन, २०७४ अन्तर्गत दर्ता भई भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको सहकारी विभागमा दर्ता नम्बर ८९९/०६६/०६७ (मितिः २०६७/०१/२६) प्राप्त भएको थियो र आन्तरिक राजस्व विभागमा स्थायी लेखा नम्बर (PAN) ३०५०६२८७३ सहित दर्ता भएको छ। यस सहकारी विगत १५ वर्ष देखि समुदायका व्यक्तिगत सदस्यहरूको आर्थिक, सामाजिक, सांस्कृतिक आकांक्षाको उत्थानमा योगदान पुर्याउन आफ्ना सदस्यहरूको विकास, प्रवर्द्धन र सुदृढीकरण गर्न प्रतिबद्ध छ। यस संस्थाको मुख्य कार्यालय चितवन जिल्लाको भरतपुर महानगरपालिका वडा नं २१ पार्वतीपुर मा अवस्थित छ। सदस्य सेवा केन्द नारायणगढ, भरतपुर महानगरपालिका वडा नं १ नारायणगढ मेनरोडमा र सदस्य सेवा केन्द शारदानगर, भरतपुर महानगरपालिका वडा नः १९ शारदानगर (हेल्थपोष्ट चोक) मा रहेको छ। सहकारीको मुख्य उद्देश्य भनेको आफ्ना सदस्यहरूसँग बचत सङ्कलन, ऋण लगानी जस्ता वित्तीय लेनदेन गर्नुका साथै शिक्षा, तालिम, सूचना, सामाजिक कार्य जस्ता अन्य धेरै गैर-वित्तीय सेवाहरू प्रदान गर्नु हो। सहकारी आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक उन्नतिको लागि सक्रिय छ।

२. लेखाङ्कनका आधार

२.१ अनुपालन सम्बन्धी उद्घोषण

सहकारीको वित्तीय विवरणहरू नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थानको लेखामान बोर्ड (ASB) द्वारा जारी गरिएको NFRS for SMEs अनुसार तयार पारिएको छ। सहकारीको सहयोगी, सहायक वा संयुक्त व्यवस्थाको रूपमा वर्गीकृत संस्थाहरूमा कुनै लगानी नभएकोले समेकित वित्तीय विवरणहरू तयार पारिएको छैन।

चालु वर्षको वर्गीकरण/खुलासासँग मेल खाने गरी आवश्यक परेमा अघिल्लो वर्षको तथ्याङ्कलाई पुनः समूहबद्ध/पुनः वर्गीकृत गरिएको छ।

२.२ समिक्षा अवधि र वित्तीय स्वीकृति

सहकारीले नेपाली पात्रोमा आधारित नेपाली आर्थिक वर्षलाई श्रावण १ गतेबाट सुरु भएर आषाढ महिनाको अन्तिम दिनमा अन्त्य गर्छ।

वित्तीय विवरणहरूको तयारी र प्रस्तुतीकरणको जिम्मेवारी सञ्चालक समितिले स्वीकार गर्दछ।

यी वित्तीय विवरणहरू ९ असोज २०८३ मा सञ्चालक समितिबाट जारी गर्न र १६ औं वार्षिक साधारण सभामा शेयरधारकहरूबाट अनुमोदनको लागि सिफारिस गरिएको थियो।

२.३ कार्यात्मक र प्रस्तुतिकरण मुद्रा

वित्तीय विवरणहरू नेपाली रुपैयाँ (NPR) मा प्रस्तुत गरिएका छन् जुन सहकारी सञ्चालन हुने प्राथमिक आर्थिक वातावरणको मुद्रा हो। प्रस्तुत गरिएको वित्तीय जानकारीलाई अन्यथा उल्लेख गरिएको ठाउँमा बाहेक नजिकको रुपैयाँमा शून्यान्त गरिएको छ।

२.४ अनुमान, मान्यता र निर्णयको प्रयोग

वित्तीय विवरणहरू तयार गर्न व्यवस्थापनले सम्पत्ति, दायित्व, आय र खर्चको लेखाङ्कन गरिएको रकमलाई असर गर्ने लेखा नीतिहरूको प्रयोगमा निर्णय, अनुमान र अनुमानहरू गर्न आवश्यक पर्दछ। वास्तविक परिणामहरू यी अनुमानहरू भन्दा फरक हुन सक्छन्। ऐतिहासिक अनुभव र अन्य कारकहरूको आधारमा अनुमान र निर्णयहरूमा निरन्तर मूल्याङ्कन गरिन्छ, जसमा वास्तविक मानिने भविष्यका घटनाहरूको अपेक्षाहरू पनि समावेश छन्। लेखा अनुमानहरूमा संशोधनहरू वर्तमान र भविष्यका अवधिहरूमा सम्भावित रूपमा पहिचान गरिन्छ।

२.५ लेखा नीतिहरूमा परिवर्तनहरू

वित्तीय विवरणहरूमा प्रस्तुत गरिएका लेखा मापदण्डहरूद्वारा विचलनहरू स्पष्ट रूपमा अनिवार्य गरिएको अवस्थामा बाहेक सबै अवधिहरूमा लेखा नीतिहरू निरन्तर रूपमा लागू हुन्छन्।

२.६ छुट (Discounting)

यदि छुट महत्त्वपूर्ण छ र NFRS द्वारा आवश्यक छ भने गैर-चालू सम्पत्ति र दायित्वहरू छुट दिइन्छ।

३. महत्त्वपूर्ण लेखा नीतिहरू

३.१ मापनको आधार

निम्न सारभुत वस्तुहरू बाहेक सहकारीको वित्तीय विवरणहरू ऐतिहासिक लागतको आधारमा तयार पारिएको छ,

प्रेरणा बचत तथा ऋण सहकारी संस्था

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८२/८३

वस्तुहरू	मापनको आधार
सम्पत्ति तथा उपकरण-जग्गा	वास्तविक मुल्य
कर्मचारीहरूलाई ऋण	वास्तविक मुल्य भनेको बजार ब्याजदरमा छुट दिइएको सम्झौतागत नगद प्रवाह हो ।

३.२ वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरू
पहिचान र मापन

जब वित्तीय कारोबारको करारीय प्रावधानहरूको पक्ष बन्छ तब सहकारीले वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूको पहिचान गर्दछ । सबै वित्तीय सम्पत्ति र दायित्वको लागि वास्तविक मूल्यको भरपर्दो मापन अब उपलब्ध नभएकोले, स्थानान्तरणको मितिमा मापनयोग्य मौज्दात रकम नै यसको नयाँ लागत बन्छ । सार्वजनिक रूपमा कारोबार गरिएका बाहेक सबै वित्तीय सम्पत्ति र दायित्वहरू, प्रारम्भिक मान्यतामा परिशोधित लागत मूल्यमा मापन गरिन्छ । वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरूको सम्बन्धमा लेनदेन लागतहरू, जुन वास्तविक मूल्यमा नाफा वा नोक्सान मार्फत लेखाङ्कन गरिन्छ, नाफा र नोक्सानको विवरणमा शुल्कमा जनाईन्छ ।

वर्गिकरण तथा मापन

NFRS for SMEs ११ द्वारा आवश्यक अनुसार वित्तीय सम्पत्तिहरू र दायित्वलाई दुई वर्गमा वर्गीकृत गरिएको छ:

क. परिशोधित लागतमा मापन गरिएको:

सार्वजनिक रूपमा कारोबार गरिएको अग्राधिकार शेयरमा लगानी बाहेकका वित्तीय सम्पत्तिहरू र वित्तीय दायित्वलाई हानि नोक्सानी घटाएर परिशोधित लागतमा मापन गरिन्छ । हानि नोक्सानी भनेको मूल प्रभावकारी ब्याज दर (EIR) मा छुट दिइएको अनुमानित नगद प्रवाहको बोक्ने रकम र वर्तमान मूल्य बीचको भिन्नता हो । यदि कुनै वित्तीय उपकरणमा परिवर्तनशील ब्याज दर छ भने, कुनै पनि हानि नोक्सानी मापन गर्नको लागि छुट दर सम्झौता अन्तर्गत निर्धारण गरिएको हालको प्रभावकारी दर (EIR) हो । EIR को परिशोधन र हानिबाट उत्पन्न हुने नोक्सानी, यदि कुनै छ भने, नाफा र नोक्सानीको विवरणमा पहिचान गरिएको छ ।

ख.नाफा वा नोक्सान मार्फत वास्तविक मूल्यमा मापन गरिएको:

सार्वजनिक रूपमा कारोबार हुने वित्तीय सम्पत्ति र वित्तीय दायित्वको वास्तविक मूल्य अनुचित लागत र प्रयास बिना भरपर्दो रूपमा मापन गर्न सकिन्छ भने वास्तविक मूल्यमा परिवर्तनहरू नाफा वा नोक्सानमा पहिचान गरी वास्तविक मूल्यमा मापन गरिन्छ । यदि वास्तविक मूल्य विश्वसनीय रूपमा मापन गर्न सकिँदैन भने त्यस्ता वित्तीय सम्पत्ति र दायित्व परिशोधित लागतमा मापन गर्नुपर्छ ।

पहिचान रद्द गर्ने

सहकारीले वित्तीय सम्पत्तिबाट नगद प्रवाहमा सम्झौता अधिकार समाप्त हुँदा वा सम्पत्तिबाट नगद प्रवाह प्राप्त गर्ने सम्झौता अधिकार हस्तान्तरण गर्दा वित्तीय सम्पत्तिलाई मान्यताबाट वञ्चित गर्दछ ।

सम्झौतामा निर्दिष्ट दायित्व समाप्त भएपछि, रद्द गर्दा वित्तीय दायित्वको मान्यता खारेज हुन्छ वा म्याद सकिन्छ ।

वास्तविक मूल्यको निर्धारण

वित्तीय साधनको वास्तविक मूल्य भनेको मापन मितिमा बजार सहभागीहरू बीचको व्यवस्थित लेनदेनमा सम्पत्ति बेच्न प्राप्त हुने वा दायित्व हस्तान्तरण गर्न भुक्तानी गरिने मूल्य हो ।

सहकारीले वर्णन गरिए अनुसार वास्तविक मूल्य-तहगतको तीन तहहरू (Levels) पालना गर्दछ:

क) उचित मूल्यको सबैभन्दा राम्रो प्रमाण भनेको सक्रिय बजारमा समान सम्पत्ति (वा समान सम्पत्ति) को लागि सूचिकृत मूल्य हो । यो सामान्यतया हालको बोली मूल्य हो ।

प्रेरणा बचत तथा ऋण सहकारी संस्था

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८२/८३

ख) सूचिकृत मूल्यहरू उपलब्ध नभएको बेला, बाध्यकारी बिक्री सम्झौतामा मूल्य वा सूचिकृत मूल्यहरूको लागि हालसालै गरिएको कारोबार उपलब्ध नभएको बेला, बाध्यकारी बिक्री सम्झौतामा मूल्य वा जानकार, इच्छुक पक्षहरू बीचको सामान्य बजार बिचको कारोबारमा समान सम्पत्तिको लागि हालसालै गरिएको कारोबारले सूचिकृत मूल्यको प्रमाण प्रदान गर्दछ ।

ग) यदि सम्पत्तिको बजार सक्रिय छैन र कुनै पनि बाध्यकारी बिक्री सम्झौताहरू वा समान सम्पत्ति (वा समान सम्पत्ति) को हालसालैको लेनदेनहरू आफैंमा वास्तविक मूल्यको राम्रो अनुमान होइन भने, एक संस्थाले अर्को मूल्याङ्कन प्रविधि प्रयोग गरेर उचित मूल्यको अनुमान गर्दछ । मूल्याङ्कन प्रविधि प्रयोग गर्नुको उद्देश्य सामान्य व्यापारिक सर्न्दभद्वारा प्रेरित सामान्य बजार बिचको कारोबारको निमयमा मापन मितिमा लेनदेन मूल्य कति हुने थियो भनेर अनुमान गर्नु हो ।

प्रभार (Impairment) (दफा ११ अनुसार)

सहकारीले प्रत्येक रिपोर्टिङ मितिमा व्यक्तिगत रूपमा महत्वपूर्ण ऋणको समीक्षा गर्दछ ताकि प्रभार हानी नाफा वा नोक्सानको विवरणमा प्रदान गरियोस् । प्रभार निर्धारण गर्दा भविष्यको नगद प्रवाहको रकम र समयको अनुमानमा व्यवस्थापनको निर्णय व्यापक रूपमा प्रयोग गरिन्छ । यी अनुमानहरू धेरै कारकहरूको बारेमा अनुमानहरूमा आधारित छन् र त्यसैले वास्तविक परिणामहरू फरक हुन सक्छन्, जसको परिणामस्वरूप भविष्यमा गरिएका प्रावधानहरूमा परिवर्तनहरू हुन सक्छन् ।

व्यक्तिगत प्रभार प्रावधान हानिको लागि व्यक्तिगत रूपमा मूल्याङ्कन गरिएका वित्तीय सम्पत्तिहरूमा लागू हुन्छ र व्यवस्थापनको उत्तम अनुमानमा भविष्यमा प्राप्त हुने अपेक्षा गरिएको नगद प्रवाहको वर्तमान मूल्यमा आधारित हुन्छ । यी नगद प्रवाहहरूको अनुमान गर्दा, व्यवस्थापनले ऋणीको वित्तीय अवस्था र कुनै पनि अन्तर्निहित धितोको खुद प्राप्तियोग्य मूल्य सहित कारकहरूको संख्याको बारेमा निर्णय गर्छ । प्रत्येक क्षतिग्रस्त सम्पत्तिलाई नगद प्रवाहको पुनः प्राप्तियोग्य रकम अनुमान गर्न यसको योग्यतामा मूल्याङ्कन गरिन्छ । निम्नका लागि सामूहिक क्षति व्यवस्था स्थापित गरिएको छ:

- परिपक्वता सम्म राखिएका, व्यक्तिगत रूपमा महत्वपूर्ण नमानिने एकरूप ऋण लगानी र लगानी धितोपत्रहरूको समूहहरू; र
- सम्पत्तिहरूको समूह जुन व्यक्तिगत रूपमा महत्वपूर्ण छन् तर ती व्यक्तिगत रूपमा क्षतिग्रस्त भएका छैनन् ।

सामूहिक हानि तथ्याङ्कीय मोडेलिङ प्रयोग गरेर गरिन्छ जस्तै नउठ्ने सम्भावनाको ऐतिहासिक प्रवृत्ति, पुनःप्राप्तिको समय, र हालको आर्थिक र बजार अवस्थाले ऐतिहासिक प्रवृत्तिले सुझाव दिएको भन्दा बढी क्षतिको बारेन्टी दिन सक्छ ।

३.३ सम्पत्ति तथा उपकरण
पहिचान र मापन:

सम्पत्ति तथा उपकरणहरू लागतमा संचित मूल्यह्रास र क्षयिकरण भएमा घटाई मापन गरिन्छ । लागतमा सम्पत्तिको अधिग्रहणसँग प्रत्यक्ष रूपमा सम्बन्धित खर्चहरू समावेश हुन्छन् ।

मूल्यह्रास:

व्यवस्थापनले निर्धारण गरेको प्रभावकारी उपयोगी अवधि (Effective Useful Life) को आधारमा स्थायी सम्पत्तिहरुलाई ह्रासकट्टी गरिन्छ

स.नं.	विवरणहरू	मूल्यह्रास दरहरू
१	भवनहरू	५ %
२	कार्यालय उपकरण, फर्निचर र कम्प्युटरहरू	२५ %
३	सवारी साधनहरू	२० %
४	अन्य सम्पत्तिहरू	१५ %

नयाँ खरिद गरिएको सम्पत्तिको मूल्यह्रास बीजकको मितिमा गणना गरिन्छ र लागत रु. ३,००० भन्दा कम भएको सम्पत्तिलाई नाफा नोक्सान विवरणमा उक्त अवधिको लागि खर्चको रूपमा लेखिएको छ ।

प्रेरणा बचत तथा ऋण सहकारी संस्था

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८२/८३

३.४ ख्याति/अमूर्त सम्पत्तिहरू

व्यापार संयोजनमा प्राप्त पहिचान योग्य खुद सम्पत्तिको वास्तविक मूल्य भन्दा अधिग्रहण लागतको कुनै पनि अतिरिक्ततालाई सद्भावनाको रूपमा मान्यता दिइन्छ । ख्यातिलाई कुनै पनि संचित क्षयिकरणलाई कम लागतमा मापन गरिन्छ । यदि घटनाहरू वा परिस्थितिहरूमा परिवर्तनहरूले बोक्ने मूल्यमा क्षति पुग्न सक्छ भनेर संकेत गर्छ भने, वार्षिक रूपमा एक चोटि वा पटक पटक क्षतिको लागि ख्यातिको समीक्षा गरिन्छ ।

अमूर्त सम्पत्तिहरू छुट्याउन सकिने वा सम्झौता वा अन्य कानुनी अधिकारहरूबाट उत्पन्न हुँदा ख्यातिबाट अलग पहिचान गरिन्छ, र तिनीहरूको वास्तविक मूल्य विश्वसनीय रूपमा मापन गर्न सकिन्छ । यी अमूर्त सम्पत्तिहरूलाई तिनीहरूको अनुमानित उपयोगी जीवनकालमा ऐतिहासिक लागत कम क्षयिकरण/परिशोधनमा मान्यता दिइन्छ ।

सहकारीसँग हाल सफ्टवेयर अमूर्त सम्पत्तिको रूपमा छ र यसलाई SLM विधिमामा परिशोधन गरिन्छ ।

३.५ लगानी सम्पत्ति

लगानी सम्पत्तिहरूमा सम्पत्ति र उपकरणको रूपमा वर्गीकृत गरिएका बाहेक जग्गा वा जग्गा र भवनहरू र गैर-चालू सम्पत्तिहरू समावेश छन् । बिक्री ,सामान्यतया, यसमा सहकारीले गैर-बैंकिङ सम्पत्तिको रूपमा अधिग्रहण गरेको तर प्रतिवेदन मितिमा बिकी नभएको जग्गा, जग्गा र भवन समावेश हुन्छ ।

लगानी सम्पत्तिहरू सुरुमा लागतमा पहिचान गरिन्छ र पछि वास्तविक मूल्य मोडेल प्रयोग गरेर मापन गरिन्छ । यद्यपि, व्यवस्थापनले सम्पत्तिहरूको वास्तविक मूल्य विश्वसनीय रूपमा निर्धारण गर्न सकिँदैन भन्ने मूल्याङ्कन गर्छ किनभने सम्पत्तिहरू बारम्बार सम्पत्ति लेनदेन नभएका क्षेत्रहरूमा अवस्थित छन्, जुन लिलामी मार्फत प्राप्त गर्न नसकिने भएकाले ती सम्पत्तिहरूको स्वामित्व सहकारीले लिनुपरेको तथ्यबाट प्रमाणित हुन्छ । त्यसैले, सम्पत्तिहरूको उचित मूल्य विश्वसनीय रूपमा मापन गर्न नसकिने भएकोले, सम्पत्तिहरू लागतमा नै मापन गरिएको छ ।

३.६ आयकर

कर खर्चमा चालु कर र स्थगित कर समावेश छन् ।

चालु कर

चालू कर भनेको नाफा वा नोक्सान विवरणमा पहिचान गरिएको आयकर खर्च हो, जुन हदसम्म यो इक्विटी वा OCI मा प्रत्यक्ष रूपमा मान्यता प्राप्त वस्तुहरूसँग सम्बन्धित छ, जुन अवस्थामा यसलाई इक्विटी वा अन्य व्यापक आयमा मान्यता दिइएको छ । चालू कर भनेको चालू वर्षको सन्दर्भमा आन्तरिक राजस्व विभागलाई अपेक्षित वा भुक्तानी गरिएको रकम हो, कर दरहरू र लागू गरिएको वा वस्तुगत रूपमा लागु गरिएको कर कानूनहरू प्रयोग गरेर र अघिल्ला वर्षहरूको सम्बन्धमा तिर्नुपर्ने करमा कुनै पनि समायोजन गणना गरेर निकालिन्छ ।

स्थगित कर

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति वा स्थगन कर दायित्वका रुपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति वा दायित्वमा हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय वा स्थगन कर खर्च को लेखाङ्कन गरिन्छ ।

स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन । स्थगन कर सम्पत्ति वा दायित्वको मापन गर्दा उक्त सम्पत्तिबाट प्राप्ति हुने वा दायित्व राफसाफ हुने बखतमा लागू हुन सक्ने कर दरको आधारमा गरिन्छ ।

३.७ जारी गरिएको निक्षेप, ऋण धितोपत्र र अधीनस्थ दायित्वहरू

निक्षेपः

सदस्यहरूद्वारा निक्षेपहरू सुरुमा वास्तविक मूल्यमा पहिचान गरिन्छ , लेनदेनको लागत वित्तीय दायित्वमा घटाई नकि नाफा र नोक्सान मार्फत वास्तविक मूल्यमा पहिचान गरिन्छ । किनकि, कारोबारको लागत निकैकम हुने भएकाले जब यि खर्चहरु हुन्छन् तब यिनीहरुलाई नाफा र नोक्सानमा पहिचान गरिन्छ । निक्षेप मापनको लागि लेनदेन मूल्यलाई वास्तविक मूल्य मानिन्छ ।

प्रेरणा बचत तथा ऋण सहकारी संस्था

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८२/८३

३.८ प्रावधानहरू, अन्य दायित्वहरू आकस्मिक दायित्वहरू

यदि कुनै विगतको घटनाको परिणामस्वरूप, सहकारीसँग हालको कानुनी वा रचनात्मक दायित्व छ जुन भरपर्दो रूपमा अनुमान गर्न सकिन्छ भने, र दायित्व तिर्नुको लागि आर्थिक लाभको बहिर्गमन आवश्यक पर्ने सम्भावना छ भने, प्रावधानलाई मान्यता दिइन्छ । मान्यता प्राप्त रकम रिपोर्टिङ मितिमा हालको दायित्व तिर्नुको लागि आवश्यक विचारको उत्तम अनुमान हो, त्यस मितिमा दायित्व वरिपरि रहेका जोखिम र अनिश्चितताहरूलाई ध्यानमा राख्दै प्रावधानहरू प्रत्येक रिपोर्टिङ मितिमा समीक्षा गरिन्छ र हालको सर्वोत्तम अनुमानलाई प्रतिबिम्बित गर्न समायोजन गरिन्छ र यदि स्रोतहरूको बहिर्गमनको सम्भावना छैन भने उल्टाइन्छ ।

आकस्मिक दायित्वहरू ती दायित्वहरू हुन् जसको लागि यो दायित्व बन्ने वा नहुने बारे अनिश्चित छ किनकि यो कुनै घटनाको घटनामा निर्भर गर्दछ ।अनिश्चित भविष्यको घटना र यी रकमहरू ब्यालेन्स शीट बाहिरका वस्तुहरू हुन् र जब कुनै सम्भावित दायित्व हुन्छ जसलाई स्रोतहरूको बहिर्गमन आवश्यक पर्न सक्छ तर सम्भवतः नहुन सक्छ तब खुलासा गरिन्छ ।

सहकारीले सम्झौताबाट प्राप्त गर्ने अपेक्षित लाभ सम्झौता अन्तर्गतको दायित्व पूरा गर्ने अपरिहार्य लागतभन्दा कम हुँदा बोझिलो सम्झौताको प्रावधानलाई मान्यता दिइन्छ । २०८३ को आषाढको अन्त्यमा सहकारीसँग त्यस्तो आकस्मिक दायित्व र बोझिलो सम्झौताहरू छैनन् ।

३.९ आयको पहिचान

आर्थिक लाभ सहकारीमा प्रवाहित हुने सम्भावना भएको हदसम्म आयलाई मान्यता दिइन्छ र यसको मूल्य विश्वसनीय रूपमा मापन गर्न सकिन्छ । आयको मान्यताको लागि निम्न विशिष्ट मान्यता मापदण्डहरू पनि पूरा गरिनेछः

ब्याज आम्दानी

परिशोधित लागतमा मापन गरिएका सबै वित्तीय उपकरणहरूको लागि, बिक्रीको लागि उपलब्ध र नाफा वा नोक्सान, ब्याज आम्दानी वा खर्च मार्फत वास्तविक मूल्यमा तोकिएका वित्तीय उपकरणहरूको रूपमा वर्गीकृत ब्याज वाहक वित्तीय सम्पत्तिहरू प्रभावकारी ब्याज दर (EIR) प्रयोग गरेर रेकर्ड गरिन्छ । EIR भनेको वित्तीय उपकरणको अपेक्षित जीवन वा छोटो अवधिमा, जुन उपयुक्त हुन्छ, वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको खुद वहन रकममा अनुमानित भविष्यको नगद भुक्तानी वा प्राप्तिहरूलाई ठ्याक्कै छुट (discount) गर्ने दर हो । प्रभावकारी ब्याज दरको गणनामा सबै शुल्कहरू र शुल्कहरू भुक्तानी गरिएको वा प्राप्त गरिएको शुल्क सारभुत भएमा समावेश हुन्छ । सहकारीमा यि शुल्कहरु सारभुत नहुने भएकाले, त्यस्ता शुल्कहरु ऋणको जीवनकालमा परिशोधित हुदैनन् । किनकी यसरी जीवनकालमा पहिचान गरि प्रभावकारी ब्याज विधि अन्तर्गत प्राप्त हुने आम्दानीको र जीवनकालमा परिशोधित नगरीएको आम्दानी लगभग बराबर हुने भएकाले र प्रत्यक्ष रूपमा नाफा र नोक्सानको विवरणमा पहिचान गरिन्छ ।

नाफा विवरणमा पहिचान गरिएको ब्याज आम्दानी र नोक्सानीमा निम्न समावेश छन् :

• प्रभावकारी ब्याजदर विधिमा गणना गरिएको परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्तिको ब्याज आम्दानी, क्षतिगस्त ऋण बाहेका । यी वित्तीय सम्पत्तिहरूमा नेपस्कुन, राष्ट्रिय सहकारी बैंक र जिल्ला सहकारी संघ धितोपत्रहरूमा लगानीहरु समावेश छन् ।

• वास्तविक मूल्यमा मापन गरिएको लगानी धितोपत्रको ब्याज गणना प्रभावकारी ब्याजदरमा गरिन्छ ।

• सबै व्यापारिक सम्पत्तिहरूमा ब्याज आम्दानीलाई समूहको व्यापारिक सञ्चालनसँग आकस्मिक मानिन्छ र खुद व्यापारिक आम्दानीमा व्यापारिक सम्पत्ति र दायित्वहरूको वास्तविक मूल्यमा अन्य सबै परिवर्तनहरूसँग प्रस्तुत गरिन्छ ।

• हालसम्म सञ्चालन ऋणबाट प्राप्त तर आर्जित नभएको ब्याज आम्दानीलाई चालू वर्षको ब्याज आम्दानीमा मान्यता दिइएको छ ।

शुल्क र कमिशनको आम्दानी

सेवा प्रदान गरिसकेपछि शुल्क र कमिसनहरू सामान्यतया प्रोदभावीको आधारमा लेखाङकन गरिन्छ ।

लाभांश आम्दानी

इक्विटी शेयरबाट प्राप्त लाभांश आम्दानीलाई जब लाभांश प्राप्त गर्ने अधिकार प्राप्त हुन्छ तब लेखाङकन गरिन्छ ।

प्रेरणा बचत तथा ऋण सहकारी संस्था

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८२/८३

अनुदान आय

अनुदान रकम प्राप्त हुने वित्तिकै भविष्यमा तोकिएको कार्यसम्पादन सर्तहरू लागू नगर्ने अनुदानलाई आम्दानीमा मान्यता दिइन्छ। भविष्यमा तोकिएको कार्यसम्पादन सर्तहरू लागू गर्ने अनुदानलाई कार्यसम्पादन सर्तहरू पूरा भएमा मात्र आम्दानीमा मान्यता दिइन्छ, र भविष्यमा तोकिएको सर्त पूरा हुनुभन्दा अघि प्राप्त अनुदानलाई दायित्वको रूपमा मान्यता दिइन्छ। अनुदान पाप्त हुदा शर्त नभएमा आम्दानीसँग सम्बन्धित अनुदानलाई नाफा वा नोक्सानको विवरणमा मान्यता दिइन्छ। सम्पत्तिसँग सम्बन्धित अनुदानलाई अनुदान दायित्वमा मान्यता दिइन्छ। कार्यसम्पादन मापदण्ड पूरा भएपछि अनुदानलाई नाफा वा नोक्सानको विवरणमा मान्यता दिइन्छ।

३.१० ब्याज खर्च

निक्षेप सहित परिशोधन लागतमा मापन गरिएका सबै वित्तीय दायित्वहरूमा ब्याज खर्चलाई प्रभावकारी ब्याजदर विधि प्रयोग गरि नाफा वा नोक्सानको विवरणमा पहिचान गरिन्छ।

नाफा वा नोक्सान मार्फत वास्तविक मूल्यमा मापन गरिएका सबै वित्तीय दायित्वहरूको ब्याज खर्चलाई जब खर्च हुन्छ तब खर्च भनेर मान्यता दिइन्छ।

३.११ कर्मचारी लाभहरू

अल्पकालीन कर्मचारी लाभ

सहकारी छोटो अवधिको कर्मचारी लाभहरूमा मुख्यतया प्रचलित कानून अन्तर्गत प्रदान गरिएको ज्याला, तलब, भत्ता, बोनस र अन्य कर्मचारी सम्बन्धित खर्चहरू समावेश छन्। छोटो अवधिको कर्मचारी लाभहरू छुट बिनाको आधारमा मापन गरिन्छ र सम्बन्धित सेवा प्रदान गर्दा नाफा र नोक्सानको विवरणमा शुल्क लगाइन्छ।

अल्पकालीन पारिश्रमिक सहितको बिदाहरू

सहकारीले कर्मचारीहरूलाई प्रत्येक वर्ष ६ दिनको भैपरी आउने बिदा प्रदान गर्दछ। यी बिदाहरू संचित नहुने र निहित हुँदैनन्। यसका साथै, सहकारीले आफ्नो उपनियम अनुसार ९८ दिनको मातृत्व बिदा, ११ दिनको पितृत्व बिदा , १५ दिनको शोक बिदा ,१२ दिनको बिरामी बिदा र १८ दिनको घर बिदा, ३ दिनको पर्व बिदा प्रदान गर्दछ।

रोजगारी पछि कर्मचारी लाभहरू

परिभाषित योगदान योजनाहरू

रोजगारी पछिको लाभ योजना जस अन्तर्गत सहकारीले छुट्टै संस्थालाई निश्चित योगदान तिर्छ र भविष्यमा रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व राख्दैन, परिभाषित योगदान योजनाहरू अन्तर्गत वर्गीकृत गरिन्छ। परिभाषित योगदान योजनाहरूमा योगदानलाई कर्मचारीहरूले सेवा प्रदान गर्दा नाफा वा नोक्सानमा पहिचान गरिन्छ।

सामाजिक सुरक्षा कोष योगदान

सामाजिक सुरक्षा कोष सहकारीले छनोट गरेको परिभाषित योगदान योजना हो। श्रम ऐन, २०७४ को अनुपालनमा, सहकारीले सबै कर्मचारीहरूको आधारभूत तलब र ग्रेड रकमको २०% कोषमा योगदान गर्दछ र ११% कर्मचारीहरूको तलबबाट कटौती गरि जम्मा ३१% सामाजिक सुरक्षा कोषमा जम्मा गरिन्छ जुन सरकारद्वारा सञ्चालित कोष हो। सहकारीको यी योजनाहरू अन्तर्गत आवधिक योगदानको दायित्व बाहेक अरू कुनै दायित्व छैन।

परिभाषित लाभ योजनाहरू

परिभाषित लाभ योजनाहरू परिभाषित योगदान योजनाहरू बाहेक रोजगारी पछिको लाभ योजनाहरू हुन्। परिभाषित लाभ योजनाहरू अन्तर्गत, संस्थाको दायित्व वर्तमान र पूर्व कर्मचारीहरूलाई सहमत लाभहरू प्रदान गर्नु हो, र बीमांकिक जोखिम (लाभहरू अपेक्षा भन्दा बढी वा कम खर्च हुने) र लगानी जोखिम (लाभहरू कोष गर्न छुट्याइएको सम्पत्तिमा प्रतिफल अपेक्षाहरू भन्दा फरक हुने) तत्वमा, संस्था द्वारा वहन गरिन्छ। यदि बीमांकिक वा लगानी अनुभव अपेक्षा भन्दा खराब छ भने, संस्थाको दायित्व बढ्न सक्छ, र यदि बीमांकिक वा लगानी अनुभव अपेक्षित परिभाषित लाभ योजना भन्दा राम्रो छ भने संस्थाको दायित्व घट्न सक्छ।

प्रेरणा बचत तथा ऋण सहकारी संस्था

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८२/८३

यदि कुनै संस्थाले अनुचित लागत वा प्रयास बिना, आफ्नो परिभाषित लाभ दायित्व र सम्बन्धित खर्च मापन गर्न अनुमानित एकाइ क्रेडिट विधि (Projected Unit Credit Method) प्रयोग गर्न सक्षम छ भने गर्न सक्दछ। यदि परिभाषित लाभहरू भविष्यको तलबमा आधारित छन् भने, अनुमानित एकाइ क्रेडिट विधिले संस्थालाई अनुमानित भविष्यको तलब वृद्धिलाई प्रतिबिम्बित गर्ने आधारमा आफ्नो परिभाषित लाभ दायित्वहरू मापन गर्न आवश्यक छ। यसैगरि अनुमानित एकाइ क्रेडिट विधिले संस्थालाई परिभाषित लाभ दायित्व मापन गर्न विभिन्न बीमांकिक अनुमानहरू गर्न आवश्यक छ, जसमा छुट दरहरू, योजना सम्पत्तिमा प्रतिफलको अपेक्षित दरहरू, तलब वृद्धिको अपेक्षित दरहरू, कर्मचारी कारोबार, मृत्युदर, र (परिभाषित लाभ चिकित्सा योजनाहरूको लागि) चिकित्सा लागत प्रवृत्ति दरहरू समावेश हुन्छन्।

यदि कुनै संस्थाले अनुचित लागत वा प्रयास बिना, परिभाषित लाभ योजनाहरू अन्तर्गत आफ्नो दायित्व र लागत मापन गर्न अनुमानित एकाइ क्रेडिट विधि प्रयोग गर्न सक्षम छैन भने, संस्थालाई अनुमानित भविष्यको तलब वृद्धि, भविष्यको सेवा अवधि, सम्भावित कर्मचारी मृत्युदर आदिलाई बेवास्ता गरेर वर्तमान कर्मचारीहरूको सम्बन्धमा आफ्नो परिभाषित लाभ दायित्व मापन गर्न सरलीकृत दृष्टिकोण अपनाउन अनुमति दिइएको छ।

सहकारीले सरलीकृत दृष्टिकोण अपनाएको छ र कर्मचारी लाभमा परिभाषित लाभ योजनाहरूसँग सम्बन्धित सबै खर्चहरू नाफा र नोक्सान खातामा खर्चको रूपमा मान्यता दिइन्छ।

अन्य दीर्घकालीन कर्मचारी लाभहरू

अन्य दीर्घकालीन कर्मचारी लाभहरू छोटो अवधि, सेवानिवृत्ति पछि वा समाप्ति लाभको रूपमा वर्गीकृत गरिएका बाहेक कर्मचारी लाभहरू हुन्। यस्ता लाभहरूको सम्बन्धमा सहकारीको खुद दायित्व प्रत्येक योजनाको लागि छुट्टाछुट्टै गणना गर्दछ। वर्तमान र अघिल्लो अवधिमा कर्मचारीहरूलाई उनीहरूको सेवाको बदलामा प्राप्त भविष्यका लाभहरूको रकम अनुमान गरेर त्यो लाभलाई यसको वर्तमान मूल्य निर्धारण गरिन्छ। कुनै पनि अपरिचित विगतको सेवा लागत र कुनै पनि योजना सम्पत्तिको वास्तविक मूल्य कटौती गरिन्छ। छुट दर भनेको कर्पोरेट बन्डहरूमा हुने व्याजको लाभ हो जसको परिपक्वता मिति सहकारीको दायित्वको सर्तहरू सँग लगभग नजिक हुन्छन् र उक्त व्याज परिभाषित लाभ योजना भुक्तानी हुने मुद्रामा मूल्याङ्कन गरिन्छ। प्रक्षेपित एकाइ क्रेडिट विधि प्रयोग गरी योग्य बीमाङ्कीयको प्रतिवेदनको आधारमा दायित्वलाई मान्यता दिइन्छ। सहकारीले नाफा वा नोक्सानको विवरणमा अन्य दीर्घकालीन कर्मचारी लाभहरूको पुनः मापनमा बीमाङ्कीय लाभ/नोक्सान सहित सबै खर्चहरूलाई लेखाङ्कन गर्दछ।

यदि कुनै संस्थाले अनुचित लागत वा प्रयास बिना, परिभाषित लाभ योजनाहरू अन्तर्गत आफ्नो दायित्व र लागत मापन गर्न अनुमानित एकाइ क्रेडिट विधि प्रयोग गर्न सक्षम छैन भने, संस्थालाई अनुमानित भविष्यको तलब वृद्धि, भविष्यको सेवा अवधि, सम्भावित कर्मचारी मृत्युदर आदिलाई बेवास्ता गरेर वर्तमान कर्मचारीहरूको सम्बन्धमा आफ्नो परिभाषित लाभ दायित्व मापन गर्न सरलीकृत दृष्टिकोण अपनाउन अनुमति दिइएको छ।

सहकारीले सरलीकृत दृष्टिकोण अपनाएको छ र कर्मचारी लाभमा परिभाषित लाभ योजनाहरूसँग सम्बन्धित सबै खर्चहरू नाफा र नोक्सान खातामा खर्चको रूपमा मान्यता दिइन्छ।

३.१२ शेयर पूँजी र रिजर्भ

शेयर पूँजी

जारी गरिएका वित्तीय उपकरणहरूलाई इक्विटीको रूपमा वर्गीकृत गरिन्छ जब नगद, अन्य वित्तीय सम्पत्तिहरू स्थानान्तरण गर्ने वा उपलब्ध संख्यामा आफ्नै इक्विटी उपकरणहरू जारी गर्ने कुनै सम्झौता दायित्व हुँदैन। यी उपकरणहरू इक्विटीको रूपमा वर्गीकृत गरिन्छ।

शेयर निष्कासन खर्च जुन जारी गर्दा बेवास्ता गर्न सकिन्छ, सोही वर्षमा इक्विटीमा लेखाङकन गरिएको छ र इक्विटीमा भएको परिवर्तनको विवरणमा खुलासा गरिएको छ र कर प्रभाव पनि खुलासा गरिएको छ।

प्रेरणा बचत तथा ऋण सहकारी संस्था

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८२/८३

५. खुलासा र थप जानकारी

५.१ जोखिम व्यवस्थापन

सहकारीको व्यावसाय गतिविधिमा जोखिम निहित छ। यसलाई जोखिम व्यवस्थापन ढाँचा, नियमित पहिचान, मापन तथा निगरानी, जोखिम सिमा र अन्य नियन्त्रणलाई ध्यानमा राखेर व्यवस्थापन गरिन्छ। जोखिम व्यवस्थापनको यस प्रक्रिया सहकारीको मुनाफा नियमित राख्न महत्वपूर्ण छ र सहकारी भित्रका प्रत्येक व्यक्ति आ-आफ्ना जिम्मेवारी मार्फत सम्बन्धीत जोखिम प्रति उत्तरदायी हुन्छन्। सहकारीमा कर्जा जोखिम, तरलता जोखिम, बजार जोखिम, सञ्चालन जोखिम, कानुनी तथा अनुपालन जोखिम आइपर्न सक्छ। अन्य संचालन तथा व्यवसाय जोखिम र राष्ट्रमा पर्ने जोखिमबाट पनि सहकारीलाई असर पर्दछ।

लेखा सुपरिवेक्षण समितिः

लेखा सुपरिवेक्षण समिति वार्षिक साधारण सभाद्वारा नियुक्त एक स्वतन्त्र समिति हो, जसको जोखिम व्यवस्थापन ढाँचाको कार्यान्वयन र सहकारीको समग्र आन्तरिक लेखापरीक्षणको निरीक्षण गर्ने जिम्मेवारी बोकेको हुन्छ । समितिले सहकारीले आफ्नो जोखिम र व्यावसायिक गतिविधिहरू, जोखिम व्यवस्थापन, अनुपालन ढाँचा, र यसलाई समर्थन गर्ने शासन संरचनामा ग्रहण गर्न सक्षम र इच्छुक जोखिम भोकको सन्दर्भमा निरीक्षण जिम्मेवारीहरू पूरा गर्न सञ्चालक समितिलाई सहयोग गर्दछ। यसले यसको अखण्डता, शुद्धता र व्यावहारिकता सुनिश्चित गर्न वित्तीय डेटाको समय-समयमा समीक्षा गर्दछ। यसले व्यवसायको सुव्यवस्थित र विवेकपूर्ण आचरण सुनिश्चित गर्न आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन प्रणाली पर्याप्त छ वा छैन भनेर पनि समीक्षा गर्दछ। समितिले समग्र जोखिम व्यवस्थापन संरचनाको समीक्षा गर्ने र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताको अनुगमन गर्ने हो। लेखा सुपरिवेक्षण समितिमा निम्न सदस्यहरू छनः

स.न.	नाम	पद
१	श्री छविन्द्र दवाडी	संयोजक
२	श्री दुर्गेन्द्र बराल	सदस्य
३	श्री युवराज अधिकारी	सदस्य

जोखिम प्रशासन

सहकारीले उद्यम स्तरमा सहकारीमा उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू लागू गर्दछ र स्वामित्व मानसिकता, क्षमता निर्माण कार्यक्रमहरू, राम्रोसँग परिभाषित कार्य जिम्मेवारीहरू र राम्रो नैतिक संस्कृति बसालेर कर्मचारीहरूमा जोखिम व्यवस्थापन संस्कृति जगाएको छ। सञ्चालक समिति सञ्चालन जोखिम र ऋण जोखिम सम्बन्धी नीतिहरू स्थापना र अनुपालनको लागि जिम्मेवार छ।

सहकारीको जोखिम प्रशासन संरचना यस्तो छ कि सहकारीको जोखिम कम्बल भित्र जोखिम कायम राख्ने जिम्मेवारी बोर्डबाट उपयुक्त कार्यात्मक, ग्राहक व्यवसाय, वरिष्ठ व्यवस्थापन र समितिहरूमा खसालिएको छ। सञ्चालक समितिले उत्कृष्ट अभ्यासहरू अनुरूप जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण, र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू निर्धारण गरेको छ र प्रभावकारी रूपमा कार्यान्वयन गरेको छ। सहकारीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बोर्ड, यसका समितिहरू, वरिष्ठ व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ।

तरलता जोखिम

तरलता जोखिम भनेको छोटो अवधिको वित्तीय मागहरू पूरा गर्ने क्षमतासँग सम्बन्धित जोखिम हो। यो सामान्यतया प्रक्रियामा पूँजी र/वा आम्दानीको क्षति बिना सुरक्षा वा ठोस सम्पत्तिलाई नगदमा रूपान्तरण गर्न असमर्थताको कारणले हुन्छ। सामान्य र तनावपूर्ण दुवै परिस्थितिहरूमा नगद प्रवाहको समयमा बेमेलको परिणामस्वरूप, सहकारीले आफ्नो भुक्तानी दायित्वहरू पूरा गर्न असमर्थ हुन सक्ने सम्भावनाको कारणले तरलता जोखिम उत्पन्न हुन्छ। तरलता सम्पत्ति स्थितिहरूको लागि आवश्यक कोष स्वीकार्य सर्तहरूमा सहकारीलाई उपलब्ध नभएको अवस्थामा यस्ता परिस्थितिहरू हुन सक्छन्। तरलताको अभावका कारण, संस्थाहरूले ग्राहकको माग अनुसार ऋण दिन सक्दैनन्, तिनीहरूले बचत र अन्य कानुनी दायित्वहरू समयमै चुक्ता गर्न सक्दैनन्। त्यसैले, सहकारीले यस्तो अवस्थालाई रोक्नको लागि समयमै आफ्नो आवश्यकता अनुसार तरलता व्यवस्थापन गरेको छ।

प्रेरणा बचत तथा ऋण सहकारी संस्था

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८२/८३

ब्याजदर जोखिम

ब्याजदर जोखिम भनेको समग्र ब्याजदरमा परिवर्तनले बन्ड वा अन्य निश्चित-दर लगानीको मूल्य घटाउने सम्भावना हो । सहकारीले ब्याजदरबाट उत्पन्न हुने जोखिमलाई कम गर्न निम्न उपायहरू अपनाउँछः

ब्याजदरमा परिवर्तनबाट प्रभावित सम्पत्ति र दायित्वहरू मात्र सम्पत्ति र दायित्वहरूमा समावेश गरिएको छ ।

सम्पत्ति र दायित्वको भुक्तानी अवधि नमिल्ने परिस्थितिमा भिन्नताको विश्लेषण गर्दा, नगद मौज्दात र ब्याज नतिरेको रकम समावेश गरिएको छ ।

क्रेडिट जोखिम

ऋण जोखिम भनेको ऋणीले स्वीकार गरेको सर्त अनुसार कुनै पनि ऋणीले ऋण तिर्न नसक्ने सम्भावना हो । ऋण कुनै पनि वित्तीय संस्थाको मुख्य सम्पत्ति वा आम्दानीको स्रोत हो । ऋणीले ऋण लिँदा ऋणीले सहमति जनाएको ऋण तिर्न नसक्दा वित्तीय संस्थाको भविष्य खतरामा पर्छ । त्यसैले, जोखिममा रहेको ऋणको अवस्थाको बारेमा जानकारी प्राप्त गर्न प्रभावकारी सूचकहरूको अध्ययन गर्नु आवश्यक छ । लगानी गरिएको ऋणको नोक्सानी रोक्न र यससँग सम्बन्धित जोखिमहरूलाई कम गर्न, जोखिम कम गर्न मानक ऋण वितरण प्रक्रिया पालना गरिन्छ । ऋण स्वीकृत गर्ने र लगानी गर्ने प्रक्रियामा संलग्न प्रत्येक कर्मचारीलाई निश्चित जिम्मेवारी तोकिएको हुनाले, सम्बन्धित कर्मचारीले वास्तविक जोखिम-मूल्याङ्कन गरेपछि ऋण लगानी गर्नुपर्छ । निम्न प्रक्रियाहरू/अभ्यासहरू पालना गरिएको छः

- माग गरिएको ऋणको आवश्यकता र चुक्ता क्षमताको विश्लेषण गर्नु,
- ऋणीहरूको अनुशासनात्मक रेकर्डको आधारमा ऋणमा लगानी गर्नु,
- ऋण लिएको पछिल्ला महिनाहरूमा उधारिएको कोषको उपयोगिताको निगरानी गर्ने र कोष आय आर्जन गर्ने गतिविधिहरू/व्यवसायहरूमा प्रयोग भएको सुनिश्चित गर्ने,
- सदस्यहरूलाई बचत बढाउन प्रेरित गर्ने,
- व्यावसायिक ऋणको लागि ऋण आवेदनको समयमा ऋणीले गरेको व्यवसाय र आम्दानी र खर्चको विवरण लिने,
- सुरक्षित सम्पत्तिको आवश्यक कागजातहरू लिने, यदि धितो ऋण हो भने,
- सहकारी निर्देशिका अनुसार ऋण वर्गीकरण गर्नुहोस् र नोक्सान व्यवस्था मिलाउने,
- यसको उपनियम बमोजिमको सीमा भित्र ऋणको वितरण,
- ऋणको निरन्तर अनुगमन र निरीक्षण गर्ने ।

सञ्चालन जोखिम

संस्थाको दैनिक कार्य सञ्चालनको क्रममा उत्पन्न हुने जोखिमलाई सञ्चालन जोखिम भनिन्छ । यस कार्यक्रममा साना तर ठूलो संख्यामा कारोबार गरिएको छ, विकेन्द्रीकृत कार्य विधि अपनाइएको छ, क्षेत्र विस्तारमा बढी ध्यान दिइएको छ, लागत घटाउन प्राथमिकता दिइएको छ, एकीकृत सूचना प्रणालीको अभाव, पूर्वाधारको अभावमा ग्रामीण क्षेत्रमा कार्यक्रमहरूको विस्तार र ग्राहकहरूको आवश्यकता अनुसार सेवा प्रदान गर्न उपयुक्त प्रविधिको अभावका कारण यस कार्यक्रममा सञ्चालन जोखिमको सम्भावना सधैं रहन्छ । संस्थाले दैनिक कार्य सञ्चालनका लागि विभिन्न जिम्मेवारीहरू पूरा गर्न आवश्यक कर्मचारीहरूको व्यवस्था गरेको छ । सबै कर्मचारीहरूले संस्थाले तोकेको नीति नियम भित्र कार्य प्रक्रियामा आफ्नो पद जिम्मेवारी पूरा गर्नुपर्छ । तर कहिलेकाहीं कर्मचारीहरूको लापरवाही र व्यक्तिगत स्वार्थका कारण नीति नियमभन्दा बाहिर जाँदा संस्था जोखिममा पर्छ । यस प्रकारको जोखिमले संस्थाको आम्दानी घटाउने, संस्थाको क्रेडिट जोखिम (प्रतिष्ठा जोखिम) बढ्ने सम्भावना हुन्छ । सञ्चालन जोखिम आन्तरिक कारकहरूको कारणले हुने भएकाले आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाएमा मात्र यो जोखिम कम गर्न सकिन्छ ।

बजार जोखिम

सहकारीले बजार जोखिमलाई बजार स्तरमा ब्याजदर वा धितोपत्रको मूल्य (इक्विटी), विदेशी विनिमय दर र ती मूल्यहरूको अस्थिरतामा प्रतिकूल परिवर्तनको कारणले सहकारीको आम्दानी वा आर्थिक मूल्यमा क्षति हुने सम्भावनाको रूपमा मान्यता दिन्छ ।

प्रेरणा बचत तथा ऋण सहकारी संस्था

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८२/८३

बजारको अवस्था र माग बुझेपछि, सञ्चालक समिति र व्यवस्थापनले बजारको सम्भावना र अवस्था अनुरूप कार्यक्रमहरू ल्याउँछन्, र माथिदेखि तलसम्मका कर्मचारीहरूलाई उनीहरूको क्षमताको आधारमा उपयुक्त जिम्मेवारी प्रदान गरेर जोखिम कम गर्छन् । यसका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पारिएको छ ।

बजार विश्लेषणमा निम्न कुराहरू विचार गरिएको छ:

- प्रतिस्पर्धीहरूको सेवा (कार्यक्रम) र ब्याजदरहरूको बारेमा जानकारी
- संस्थाप्रति सदस्यहरूको दृष्टिकोण
- यस सहकारीप्रति अन्य संस्थाहरूको धारणा
- सेवाको लागत
- नीति नियमहरूमा परिवर्तनबाट हुने उतारचढावहरू
- अन्य संस्थाहरूले आफ्ना सदस्यहरूलाई आकर्षित गर्न अपनाएका रणनीतिहरू
- सदस्यले छोड्ने/राहने दर

संस्थागत वा रणनीतिक जोखिम

कम्पनीको मूल्य निर्धारण गर्ने क्रममा रणनीतिक जोखिम प्रायः एक प्रमुख कारक हुन्छ, विशेष गरी यदि सहकारीले छोटो अवधिमा तीव्र गिरावट अनुभव गर्छ भने अवलोकन गर्न सकिन्छ । यो र अनुपालन जोखिममा यसको प्रभावको कारण, यो आधुनिक जोखिम व्यवस्थापनमा एक प्रमुख कारक हो। यो जोखिम व्यवस्थापन गर्न, निम्न कुराहरू विचार गरिएको छ:

- देशको समग्र आर्थिक र सामाजिक वातावरण अनुसार रणनीतिहरू तय वा परिमार्जन गरिएको छ,
- आफ्ना प्रतिस्पर्धीहरूले प्रदान गर्ने सेवाहरू र उनीहरूको स्थितिको बारेमा जानकार रहँदै,
- हाम्रा सदस्यहरूको अपेक्षा र चाहनालाई नभुल्दै सकेसम्म धेरै सेवा सुविधाहरू प्रदान गर्ने
- स्रोत परिचालनमा उपयुक्त रणनीतिहरू अपनाउने,

आन्तरिक नियन्त्रण जोखिम

बोर्ड र व्यवस्थापन जोखिम व्यवस्थापन गर्न र आफ्नो व्यवसाय र वित्तीय गतिविधिहरूलाई नाफामुखी व्यावसायिक अवसरहरूलाई अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठामा क्षति पुर्याउन सक्ने जोखिमहरूबाट बच्न वा कम गर्न, लागू हुने कानून र नियमहरूको पालना सुनिश्चित गर्न र बाह्य घटनाहरूको लागि लचिलोपन बढाउन सक्षम बनाउने तरिकाले नियन्त्रण गर्न प्रतिबद्ध छ। यो प्राप्त गर्न, सञ्चालक समिति र व्यवस्थापनले जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू अपनाएको छ ।

सहकारीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सञ्चालक समिति, व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ । लेखा सुपरिवेक्षण समितिले वर्षभरि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको समीक्षा गरेको छ र उपयुक्त भएमा सञ्चालक समितिलाई प्रतिक्रिया प्रदान गरेको छ । संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा स्वतन्त्रता कायम राख्न संस्थाले चार्टर्ड एकाउन्टेन्ट्स फर्मलाई आन्तरिक लेखा परीक्षकको रूपमा नियुक्त गरेको छ । आन्तरिक लेखा परीक्षक विभागले आफ्नो व्यवसाय/इकाई लेखा परीक्षकको कार्यक्रम मार्फत नीति/मानकहरूको अनुपालन र संस्थाभरि आन्तरिक नियन्त्रण संरचनाहरूको प्रभावकारिताको निगरानी गर्दछ। आन्तरिक लेखा परीक्षक कार्य जोखिम-आधारित मूल्याङ्कन पद्धतिद्वारा निर्धारण गरिए अनुसार सबैभन्दा ठूलो जोखिमका क्षेत्रहरूमा केन्द्रित छ। आन्तरिक लेखा परीक्षक प्रतिवेदनहरू त्रैमासिक रूपमा निर्देशक सञ्चालक समितिलाई पठाइन्छ । सबै लेखा परीक्षकहरूको निष्कर्ष तत्काल सुधारात्मक उपायहरू सुरु गर्न प्रमुख कार्यकारी अधिकृत र व्यवसाय प्रमुखहरूलाई रिपोर्ट गरिन्छ ।

अनुपालन जोखिम

सहकारी जवाफदेहिता, पारदर्शिता र व्यावसायिक नैतिकताको क्षेत्रमा उत्कृष्ट अभ्यासहरू र बजार मापदण्डहरू पालना गर्न प्रतिबद्ध छ । यसले दुर्व्यवहारको शून्य सहनशीलताको लक्ष्य राख्छ । दैनिक सञ्चालनमा तीन पङ्क्तिको रक्षा मोडेलले सहकारीमा अनुपालन र अखण्डता जोखिमको लागि भूमिका र जिम्मेवारीहरू परिभाषित गर्दछ । रक्षाको पहिलो पङ्क्ति सम्बन्धित सहकारी विभागहरू र एकाइहरूसँग छ, जुन

प्रेरणा बचत तथा ऋण सहकारी संस्था

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८२/८३

अनुपालन जोखिमहरू पहिचान गरिएको, बुझिएको र व्यवस्थापन र अनुगमन र अनुपालन अधिकारीलाई रिपोर्ट गरिएको सुनिश्चित गर्न जिम्मेवार छन् । रक्षाको दोस्रो पङ्क्ति अनुगमन र अनुपालन अधिकारीसँग छ, जसले अनुपालन र अखण्डता जोखिमहरूको मूल्याङ्कन र अनुगमन गर्दछ र व्यवस्थापनसँग यसको नियन्त्रण गतिविधिहरू समन्वय गर्दछ । अनुगमन र अनुपालन अधिकारीले व्यवस्थापकलाई रिपोर्ट गर्दछ । रक्षा पङ्क्ति अनुपालन कार्यले संस्था, यसको सञ्चालन र कर्मचारी सदस्यहरूको व्यक्तिगत आचरणसँग सम्बन्धित मामिलाहरूमा अनुपालन जोखिमहरू पहिचान गर्न, मूल्याङ्कन गर्न, अनुगमन गर्न र रिपोर्ट गर्न सहकारीलाई सहयोग गर्दछ ।

५.२ वित्तीय सम्पत्ति र दायित्वहरूको वास्तविक मूल्य

वास्तविक मूल्य भनेको बजार-आधारित मापन हो, कुनै संस्था-विशिष्ट मापन होइन । केही सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन वा बजार जानकारी उपलब्ध हुन सक्छ । अन्य सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन र बजार जानकारी उपलब्ध नहुन सक्छ । यद्यपि, दुवै अवस्थामा वास्तविक मूल्य मापनको उद्देश्य एउटै हो - वर्तमान बजार अवस्थाहरू अन्तर्गत मापन मितिमा बजार सहभागीहरू बीच सम्पत्ति बेच्न वा दायित्व हस्तान्तरण गर्न व्यवस्थित लेनदेन हुने मूल्य अनुमान गर्नु हो । (अर्थात्, सम्पत्ति धारण गर्ने वा दायित्व तिर्नुपर्ने बजार सहभागीको दृष्टिकोणबाट मापन मितिमा निकास मूल्य) ।

वास्तविक मूल्यहरू निम्न पदानुक्रम अनुसार निर्धारण गरिन्छ:

क) उचित मूल्यको सबैभन्दा राम्रो प्रमाण भनेको सक्रिय बजारमा समान सम्पत्ति (वा समान सम्पत्ति) को लागि सूचिकृत मूल्य हो । यो सामान्यतया हालको बोली मूल्य हो ।

ख) सूचिकृत मूल्यहरू उपलब्ध नभएको बेला, बाध्यकारी बिक्री सम्झौतामा मूल्य वा सूचिकृत मूल्यहरूको लागि हालसालै गरिएको कारोबार उपलब्ध नभएको बेला, बाध्यकारी बिक्री सम्झौतामा मूल्य वा जानकार, इच्छुक पक्षहरू बीचको सामान्य बजार बिचको कारोबारमा समान सम्पत्तिको लागि हालसालै गरिएको कारोबारले सूचिकृत मूल्यको प्रमाण प्रदान गर्दछ । यद्यपि, यदि आर्थिक परिस्थितिमा उल्लेखनीय परिवर्तन भएको छ वा बाध्यकारी बिक्री सम्झौताको मिति, वा लेनदेन, र मापन मिति बीचको महत्त्वपूर्ण अवधि भएको छ भने यो मूल्य वास्तविक मूल्यको राम्रो अनुमान नहुन सक्छ । यदि संस्थाले अन्तिम लेनदेन मूल्य वास्तविक मूल्यको राम्रो अनुमान होइन भनेर प्रदर्शन गर्न सक्छ (उदाहरणका लागि, किनभने यसले जबरजस्ती लेनदेन, अनैच्छिक परिसमापन वा संकट बिक्रीमा संस्थाले प्राप्त गर्ने वा भुक्तानी गर्ने रकमलाई प्रतिबिम्बित गर्दछ), तब त्यो मूल्य समायोजन गरिन्छ ।

ग) यदि सम्पत्तिको बजार सक्रिय छैन र कुनै पनि बाध्यकारी बिक्री सम्झौताहरू वा समान सम्पत्ति (वा समान सम्पत्ति) को हालसालैको लेनदेनहरू आफैंमा वास्तविक मूल्यको राम्रो अनुमान होइन भने, एक संस्थाले अर्को मूल्याङ्कन प्रविधि प्रयोग गरेर उचित मूल्यको अनुमान गर्दछ । मूल्याङ्कन प्रविधि प्रयोग गर्नुको उद्देश्य सामान्य व्यापारिक सर्न्दभद्वारा प्रेरित सामान्य बजार बिचको कारोबारको निमयमा मापन मितिमा लेनदेन मूल्य कति हुने थियो भनेर अनुमान गर्नु हो ।

५.३ सम्बन्धित पक्षको खुलासा

संचालक र प्रमुख व्यवस्थापकीय कर्मचारीहरूको सूची

सञ्चालक समितिका सदस्यहरू, लेखा समिति र प्रमुख व्यवस्थापकीय कर्मचारीहरूलाई संस्थाको सम्बन्धित पक्षको रूपमा पहिचान गरिएको छ ।

NAS २४ अनुसार निम्न पक्षहरूलाई सम्बन्धित पक्ष लेनदेनको रूपमा पहिचान गरिएको छ ।

स.नं.	नाम	सम्बन्ध	नियुक्तिको मिति	अवकाश मिति
१	श्री श्रीकान्त वराल	अध्यक्ष	२०८१।०६।१७	२०८५।०६।१६
२	श्री शालिक दवाडी	उपाध्यक्ष	२०८१।०६।१७	२०८५।०६।१६
३	श्री अम्बर बहादुर गुरुङ	सचिव	२०८१।०६।१७	२०८५।०६।१६
४	श्री निरु गुरुङ घले	कोषाध्यक्ष	२०८१।०६।१७	२०८५।०६।१६
५	श्री लोकनाथ घिमिरे	सहसचिव	२०८१।०६।१७	२०८५।०६।१६
६	श्री शोभा खड्का	सदस्य	२०८१।०६।१७	२०८५।०६।१६
७	श्री गीता कुँवर अधिकारी	सदस्य	२०८१।०६।१७	२०८५।०६।१६

प्रेरणा बचत तथा ऋण सहकारी संस्था

वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु

आ.व. २०८२/८३

८	श्री चन्द्रकान्त लम्साल	सदस्य	२०८१।०६।१७	२०८५।०६।१६
९	श्री कृष्ण प्रसाद खनाल	सदस्य	२०८१।०६।१७	२०८५।०६।१६
१०	श्री खेमराज घिमिरे	सदस्य	२०८१।०६।१७	२०८५।०६।१६
११	श्री हरि श्रेष्ठ	सदस्य	२०८१।०६।१७	२०८५।०६।१६
१२	श्री छविन्द्र दवाडी	ले.सु.स.संयोजक	२०८१।०६।१७	२०८५।०६।१६
१३	श्री दुर्गेन्द्र बराल	ले.सु.स. सदस्य	२०८१।०६।१७	२०८५।०६।१६
१४	श्री युवराज अधिकारी	ले.सु.स.सदस्य	२०८१।०६।१७	२०८५।०६।१६

संचालकहरु र प्रमुख व्यवस्थापकीय कर्मचारीहरूसँगको कारोबार र भुक्तानी

सञ्चालक समितिको भत्ता र सुविधा

विवरण	**चालु वर्ष**	**गत वर्ष**
बैठक भत्ता	०	०
सञ्चार र इन्धन सुविधाहरू	०	०
दुर्घटना बीमा प्रिमियम (बीमा गरिएको रकम:	०	०
कुल	**०**	**०**
ऋण, अग्रिम र अन्य प्राप्य/भुक्तानीयोग्य रकमहरू	-	-
प्राप्तिहरू रद्द गरियो	-	-

व्यवस्थापकको पारिश्रमिक र सुविधाहरू

विवरण	**चालु वर्ष**	**गत वर्ष**
पारिश्रमिक	९१३७२८	८७६१२०
कुल	९१३७२८	८७६१२०
ऋण, अग्रिम र अन्य प्राप्य/भुक्तानीयोग्य रकमहरू	-	-
प्राप्तिहरू रद्द गरियो	-	-

५.४ मर्जर र प्राप्ति

सहकारीले मर्जर वा प्राप्तिको लागि कुनै सम्झौता गरेको छैन ।

५.५ गैर-समावेशित संस्थाहरूको थप खुलासा

सहकारीको कुनै सहायक र सहयोगी कम्पनीहरू छैनन् । त्यसैले, थप खुलासा आवश्यक छैन ।

५.६ रिपोर्टिङ मिति पछिका घटनाहरू

NAS १० "रिपोर्टिङ अवधि पछि हुने घटनाहरू" अनुसार समायोजन आवश्यक पर्ने कुनै पनि घटनाहरू रिपोर्टिङ अवधि पछि अवलोकन गरिँदैन ।

आर्थिक वर्ष ०८३/०८४ को अनुमानित आय व्यय विवरण

आय विवरण


क्षेत्र	विवरण	गतको अनुमानित	गतको यथार्थ	०८३।८४ को अनुमानित	चौथाइ बजेट ०८४/०८५
विनिय लगानीबाट आम्दानी	शेयर लगानीबाट आम्दानी	४००००	५००००	५७५००	१४३७५
	बचतमा बैंक व्याज आम्दानी	३५०००००	८५७४३०.७९	९८६०४५.४०८५	२४६५११.३५२१
ऋण लगानी	व्यवसाय ऋणबाट आम्दानी	३३०००००	२३७१९७०६.३	२७२७७६६२.१९	६८१९४१५.५४७
	संम्पत्ति खरिद ऋणबाट आम्दान	५०००००	२९३०२६२.०३	३३६९८०१.३३५	८४२४५०.३३३६
	शैक्षिक ऋणबाट आम्दानी	१५०००००	१६०५८३७.६३	१८४६७१३.२७५	४६१६७८.३१८६
	हायरपर्चेज ऋणबाट आम्दानी	२७०००००	४५९५९७.६५	५२८५३७.२९७५	१३२१३४.३२४४
	बचत जमानत ऋणबाट	१५०००००	१४८९६४४.३८	१७१३०९१.०३७	४२८२७२.७५९३
	कृषि ऋणबाट आम्दानी	२५०००००	३००१२२७.१३	३४५१४११.२	८६२८५२.७९९९
	घरायसी ऋणबाट आम्दानी	१४६०००००	९९९११९९	१४९०८३६१.२७	३७२७०९०.३१८
	सदस्य उधमशिलता ऋण	०	०	३२०००००	८०००००
	स्वरोजगार ऋणबाट	२५०००	३०९५०.६९	३५५९३.२९३५	८८९८.३२३३७५
	अन्य क्षेत्रमा लगानी आम्दानी	३६५००००	३११३६८१.६८	३५८०७३३.९३२	८९५१८३.४८३
सेवा सञ्चालनबाट आम्दानी सेवा शुल्क		३००००००	१५११२४४.१	२००००००	५०००००
अन्य आम्दानी		५०००००	२३७२४९.९६	२७२८३७.४५४	६८२०९.३६३५
रेमिट आम्दानी		२५४८६७	१६७८२७.९२	१९३००२.१०८	४८२५०.५२७
जम्मा कूल आम्दानी		७१७६९८६७	४९१६५८५९	६३४२१२८९.८	१५८५५३२२.४५

व्यय विवरण

क्षेत्र	विवरण	गतको अनुमानित	गतको गथार्थ	अनुमानित २०८३।०८४	चौथाइ बजेट २०८४।०८५
कर्मचारी खर्च	तलब र ज्याला	४३७८८५५	४०३९४६६	४६४५३८५.९	११६१३४६.४७५
	कर्मचारी ग्रेड खर्च	५९६७६७	५९०४१६	६७८९७८.४	१६९७४४.६
	कर्मचारी बीमा	३५०००		३५०००	८७५०
	कर्मचारी हितकोष	४५३९९०	३६६९५४	४२१९९७.१	१०५४९९.२७५
	पोशाक खर्च	३०००००	२५७६२५	२९६२६८.७५	७४०६७.१८७५
	औषधी उपचार खर्च	४२२८२६	२९३६७४	३३७७२५.१	८४४३१.२७५
	चाडपर्व खर्च	३६९०७४	३४२९३६	३९४३७६.४	९८५९४.१
	उपदान खर्च	४२२८२६	२९३६७४	३३७७२५.१	८४४३१.२७५
	कर्मचारी संचित विदा	४२२८२६	३२००५८	३६८०६६.७	९२०१६.६७५
	कर्मचारी खाजां+पारवहन	३९४८००	४३८०००	५०३७००	१२५९२५
	जम्मा कर्मचारी खर्च	७७९६९६४	६९४२८०३	८०१९२२३.४५	२००४८०५.८६३

क्षेत्र	विवरण	गतको अनुमानित	गतको गथार्थ	अनुमानित २०८३।०८४	चौथाइ बजेट २०८४।०८५
प्रशासनिक खर्च	पानी विजुली तथा सरसफाई	४४५५४५	३६४२८८	४०००००	१०००००
	बैंक शुल्क	२९७१	२३१५.९	३०००	७५०
	मसलन्द तथा छपाई	३२०३२२	३६३७६५	४०००००	१०००००
	सूचना तथा संचार + इन्टरनेट	२३७१५९	१७५३००	३०००००	७५०००
	घरभाडा खर्च	२८३५५८	२७७३२०	३०५०५२	७६२६३
	लेखापरीक्षण शुल्क	१०००००	१०००००	१५००००	३७५००
	लेखापरीक्षण खर्च	१३५१८४	१३४५६५	१४८०००	३७०००
	व्यवसायिक परामर्श शुल्क	७५०००	७५०००	८२५००	२०६२५
	मर्मत तथा संभार	२२७०१२	१५९४६२	१७५०००	४३७५०
	इन्धन खर्च	३५७६५५	२८८८२०	३१७७०२	७९४२५.५
	बीमा प्रिमियम खर्च	३०००००	२०८८६४	३०००००	७५०००
	बैठक खर्च	१०००००	८८४८४	२०००००	५००००
	दर्ता नविकरण तथा अन्य कर	३०००००	३०२४९७	३३५०००	८३७५०
	तालिम प्रशिक्षण तथा गोष्ठी	१४२२०००	०	२९५०००	७३७५०
	स्वास्थ्य शिविर	१०००००	०	१०००००	२५०००
	सम्मान तथा पुरस्कार र शुभकामना	६००००	३२६९२	६००००	१५०००
	साधारण सभा	१६५००००	१५६११७५	१७२००००	४३००००
	विस्तारित मञ्च तथा भेला	१०००००	९११६०	२०००००	५००००
	उत्सव तथा प्रोत्साहन खर्च	५००००	४५२००	७५०००	१८७५०
	अध्ययन तथा अवलोकन भ्रमण	२०००००	१०१७८२	५०००००	१२५०००
	सभा सम्मेलन सहभागीता	५५०००	५३३७५	१०००००	२५०००
	अतिथी सत्कार खर्च	१५००००	११०३०५	१५००००	३७५००
	मोबाईल बैंकिङ खर्च	५००००	४७०२५	५००००	१२५००
	अपलेखन खर्च	१००००००	०	१००००००	२५००००
	सामुदायीक सहयोग खर्च	२५३००	१९५७१	१०००००	२५०००
	सदस्य कल्याण कार्यक्रम खर्च	११५६९८	०	१५०००००	३७५०००
	प्रविधिमा स्तरोन्नती खर्च	०	०	२०००००	५००००
	ह्रास खर्च	११५००००	९९९००७.७४	१०९८०००	२७४५००
	लक्ष्मी पुजा वार्षिकोत्सव खर्च	६००००	४४२३०	६००००	१५०००
	यसको जम्मा खर्च	९०७२४१४	५६४८१५३.६४	१०३२४२५४	२२६८१०३.५
वित्तिय खर्च	बचतमा तिरेको व्याज	३७०००००	२५७९२९६३	३२९८३९५८.९३	८२४५९८९.७३२
	ऋणमा तिरेको ब्याज	६०००००		०	०
व्यवस्थाहरु	ऋण जोखिम कोष	२०००००	८७०३६९	२०००००	५०००००
जम्मा कुल खर्च		५६४६९३७८	३९२५६२३९	५३३२७४३६.३८	१३०१८८९९.०९
कूल नाफा = कूल आम्दानी–कूल खर्च		१५३००४८९	९९०९६२०	१००९३८५३.४२	३८२५१२२.२५

१६ औँ वार्षिक साधारण सभामा प्रस्तुत ऋण उप-समितिको प्रतिवेदन



शालिक दवाडी
संयोजक

आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका सदस्यज्यूहरू, कर्मचारी तथा सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा ऋण उपसमितिको तर्फबाट हार्दिक अभिवादन व्यक्त गर्दछौँ।

सहकारी संस्थाको वित्तीय स्थायित्व, सदस्यको आर्थिक सशक्तीकरण तथा संस्थामा संकलित बचतको सुरक्षित र प्रभावकारी परिचालनका लागि गुणस्तरीय ऋण व्यवस्थापन अत्यन्त महत्वपूर्ण हुन्छ। यसै उद्देश्यअनुरूप ऋण उपसमितिले संस्थाको स्वीकृत ऋण नीति, कार्यविधि तथा प्रचलित कानुनी व्यवस्थाको अधीनमा रही ऋण प्रस्तावको अध्ययन, जोखिम मूल्याङ्कन, सिफारिस, अनुगमन तथा असुलीसम्बन्धी कार्यलाई प्राथमिकताका साथ अघि बढाउँदै आएको छ।

१. चालु अवधिको ऋण अवस्था

२०८३ आषाढ मसान्तमा संस्थाको कुल ऋण लगानी रु. ४६,००,१६,७३४.५१ रहेको छ । ऋण पोर्टफोलियोको क्षेत्रगत विवरण देहाय बमोजिम रहेको छ।

ऋणको प्रकार	ऋण बाँकी रकम (रु.)	हिस्सा
EducationLoan	१,७४,३५,७६२।४२	३.७९%
HirePurchaseLoan	४१,३०,२३०।२२	०.९०%
LoanAgainstPeriodicDeposit	१३,००,०००।००	०.२८%
AgricultureLoan	३,२१,४६,४९४।८३	६.९९%
HomeLoan	१३,०४,२५,३५९।११	२८.३५%
LoanAgainstProvidentFund	१७,०९,१२५।७७	०.३७%
SworojgarLoan	५,००,८६४।४२	०.११%
BusinessContinuitySoftLoan	५,००,०००।००	०.११%
LoanAgainstSaving	८५,६१,९४५।५१	१.८६%
BigBusinessLoan	९,५६,९४,४०२।९२	२०.८०%
AssetsPurchasingLoan	२,८९,६५,७२१।२७	६.३०%
BusinessLoan	१३,८६,४६,८२८।०४	३०.१४%
जम्मा	४६,००,१६,७३४।५१	१००%

ऋण संरचनाको विश्लेषण गर्दा Business Loan, Home Loan र Big Business Loan मा मात्रै कुल रु.३६,४७,६६,५९०.०७ अर्थात् करिब ७९.२९ प्रतिशत ऋण केन्द्रित रहेको देखिन्छ। यसले संस्थाको व्यवसाय तथा आवास क्षेत्रमा उल्लेखनीय लगानी रहेको देखाउँछ; साथै आगामी दिनमा ऋण पोर्टफोलियोको क्षेत्रगत विविधीकरण, जोखिम सन्तुलन र नियमित अनुगमनलाई थप प्राथमिकता दिनुपर्ने आवश्यकता पनि देखाउँछ।

२. चालु वर्षका प्रमुख कार्य तथा उपलब्धिहरू

१. ऋण प्रस्तावको अध्ययन तथा सिफारिस: ऋणी सदस्यको आम्दानीको स्रोत, ऋण तिर्न सक्ने क्षमता, ऋणको उद्देश्य, धितो/सुरक्षण तथा समग्र जोखिमको अध्ययन गरी ऋण प्रस्तावमाथि आवश्यक छलफल, मूल्याङ्कन र सिफारिस गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

२. असुलीलाई प्राथमिकता: किस्ता अनियमित, भाखा नाघेका तथा जोखिमयुक्त ऋणको पहिचान गरी सम्बन्धित ऋणीसँग सम्पर्क, ताकेता, परामर्श र अनुगमनमार्फत ऋण असुलीलाई प्रभावकारी बनाउने प्रयास गरिएको छ।

३. लिलाममार्फत ऋण असुली: नियमित सम्पर्क, ताकेता तथा अन्य सम्भव असुली प्रयासबाट समेत समाधान हुन नसकेका केही ऋणीहरूको ऋणको हकमा संस्थागत तथा आवश्यक कानुनी प्रक्रिया पूरा गरी धितो सम्पत्ति लिलाममार्फत असुली गरिएको छ। यसबाट लामो समयदेखि जोखिममा रहेको ऋण असुलीमा महत्वपूर्ण प्रगति हुनुका साथै संस्थाको वित्तीय अनुशासन र जोखिम व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग पुगेको छ।

४. उच्च तरलताको प्रभावकारी परिचालन: संस्थामा पर्याप्त तरलता सञ्चित रहेको अवस्थालाई दृष्टिगत गर्दै उक्त स्रोतलाई निष्क्रिय राख्नुको सट्टा सदस्यहित तथा संस्थाको आय आर्जनमा प्रभावकारी रूपमा परिचालन गर्ने उद्देश्यले वार्षिक ६.५ प्रतिशत ब्याजदरमा करिब रु. ५ करोडसम्म ऋण प्रवाह गर्न सकिने विशेष ऋण दर / योजना व्यवस्था गरिएको छ।

३. विशेष ऋण योजनाको उद्देश्य र सावधानी

६.५ प्रतिशत ब्याजदरको विशेष ऋण व्यवस्था संस्थामा उपलब्ध अतिरिक्त तरलतालाई उत्पादनमूलक तथा सुरक्षित ढंगले परिचालन गर्ने उद्देश्यले गरिएको हो। यस योजनाअन्तर्गत ऋण प्रवाह गर्दा पनि ऋणको गुणस्तरमा सम्झौता नगरी ऋणीको वास्तविक भुक्तानी क्षमता, ऋणको प्रयोजन, पर्याप्त सुरक्षण, नगद प्रवाह तथा जोखिम मूल्याङ्कनलाई अनिवार्य आधार बनाइनेछ। कम ब्याजदरलाई मात्र प्राथमिकता नदिई "सुरक्षित लगानी, नियमित अनुगमन र समयमै असुली" को सिद्धान्तलाई केन्द्रमा राखिनेछ।

४. आगामी वर्षका प्राथमिकता

१. भाखा नाघेको तथा जोखिमयुक्त ऋण समयमै पहिचान गरी खराब ऋण न्यूनीकरणमा विशेष ध्यान दिने।

२. ठूला व्यवसाय तथा आवाससम्बन्धी ऋणको नियमित अनुगमन, नगद प्रवाह समीक्षा र सुरक्षणको अवस्था पुनरावलोकन गर्ने।
३. ऋण पोर्टफोलियोलाई कृषि, उत्पादन, स्वरोजगार तथा रोजगार सिर्जना गर्ने क्षेत्रमा समेत क्रमशः विविधीकरण गर्ने।
४. ऋण फाइल, धितो मूल्याङ्कन तथा आवश्यक कानुनी कागजातलाई पूर्ण, अद्यावधिक र व्यवस्थित राख्ने।
५. किस्ता अनियमित हुने प्रारम्भिक चरणमै सदस्यसँग समन्वय गरी समाधान खोज्ने र आवश्यक परे संस्थाको नीति तथा कानुनबमोजिम असुली प्रक्रिया अघि बढाउने।

५. निष्कर्ष

संस्थाको ऋण लगानीको आकारसँगै त्यसको गुणस्तर, नियमित असुली र जोखिम नियन्त्रणलाई समान महत्व दिनु आवश्यक छ। ऋण उपसमिति आगामी दिनमा पनि सदस्यहरूको वास्तविक आवश्यकता र संस्थाको वित्तीय सुरक्षाबीच उचित सन्तुलन कायम गर्दै जिम्मेवार, पारदर्शी र दिगो ऋण व्यवस्थापनका लागि प्रतिबद्ध रहनेछ।

अन्त्यमा, ऋण व्यवस्थापन तथा असुली कार्यमा सहयोग पुऱ्याउनुहुने सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, व्यवस्थापन, कर्मचारी तथा सम्पूर्ण शेयर सदस्य महानुभावहरूप्रति ऋण उपसमितिको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

संयोजकः सालिक दवाडी
सदस्यः धनराज गिरी
सदस्यः प्रेम दाहाल

१६ औँ साधारण सभामा शिक्षा उपसमितिको तर्फबाट प्रस्तुत प्रतिवेदन



चन्द्रकान्त लम्साल
संयोजक

प्रेरणा बचत तथा ऋण सहकारी संस्था लि. को गरिमामय १६ औँ साधारण सभा कार्यक्रमका सभाध्यक्ष एवम् साकोस सञ्चालक समितिका अध्यक्षज्यू, सभाका प्रमुख अतिथिज्यू, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा विभिन्न उप-समितिका संयोजक एवम् सदस्यज्यूहरु, प्रमुख कार्यकारी अधिकृत एवम् सम्पूर्ण कर्मचारी वर्ग साकोसको १६ औँ साधारण सभालाई भव्य एवम् सभ्य तवरबाट सम्पन्न गर्न उपस्थित हुनुहुने तपाई सम्पूर्ण शेयर धनि महानुभावहरु तथा उपस्थित सम्पूर्णमा सिङ्गो शिक्षा उपसमितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक नमन एवम् सहकारी अभिवादन व्यक्त गर्दछु।

सहकारी स्थापनाको १६ वर्ष पुरा हुँदै गर्दा संस्थाको उन्नयनका लागि अतुलनीय योगदान दिनुहुने सम्पूर्ण अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गदै यो कालखण्डमा दिवंगत हाम्रा सदस्य एवम् परिवारजन प्रति भावपूर्ण श्रद्धाञ्जली एवम् गहिरो समवेदना व्यक्त गर्दछु।

आदरणीय शेयर सदस्यज्यूहरु, समुदायमा आधारित आर्थिक कारोबार गदै समुन्नत समाज निमार्ण गर्ने अभिप्रायले १६ वर्ष अगाडी स्थापना भएको यस साकोसले विभिन्न आरोह अवरोहहरु पार गदै आज यस क्षेत्रकै उत्कृष्ट अनि सबल वित्तिय कारोबार गर्ने संस्थाको रुपमा परिचय स्थापित भएको कुराले पक्कै पनि हामि सम्पूर्ण शेयर सदस्यहरुलाई गौरव अनुभुति भएको छ। तथापि कोभिड पछाडिको आर्थिक मन्दि गत वर्षको भदौ २३/२४ को जेन्जी आन्दोलनले निम्त्यायको विनाश अनि व्यवसायिक क्षेत्रमा देखिएको निरासाले हामिलाई पनि अछुतो राखेको छैन। तथापी गत साधारण सभा बाट निर्दिष्ट सदस्य मैत्री विभिन्न कार्यक्रहरु मार्फत रणनितिक योजनाले परिकल्पना गरेको "उत्कृष्ट मर्यादित एवम् दिगो वित्तिय सहकारी संस्था" बनाउने बाटोमा हामि निरन्तर अगाडी बढिरहेका छौँ। संस्थाको गत साधारण सभा प्रश्चात शिक्षा उपसमितिको २ वटा बैँठक बसेर सदस्य केन्द्रित विभिन्न कार्यक्रमहरु तय गरेका थियौँ। जसमध्ये १४ वटा सदस्य अर्न्तकृया एवम् विस्तारित मञ्च संचालन गरि संस्था र सदस्य विचको सुमधुर सम्बन्ध स्थापित गर्न संस्थाले निर्धारण गरेका निति तथा कार्यक्रमहरुमा सदस्यहरुको सकृय सहभागिताको लागि आह्वान गरी सोही अनुसार उपलब्धि हासिल गरेका छौँ। यसका साथै विभिन्न चरणमा टोल सुधार समिति तथा जनप्रतिनिधिहरु सँग को छलफल, समुदायमा रहेका संघ संस्थाहरु बिच भाइचारा स्थापनाको लागि व्यापक छलफल र शुभकामना आदानप्रदान तथा सदस्यहरुलाई बचतमा सबैको सहभागिता र ऋणको सदुपयोगिताका लागि विभिन्न कार्यक्रमहरु गरिएको कुरा यहाँहरु समक्ष राख्न चाहन्छु। साथै संस्थाको थोरै लागत सहभागितामा सदस्यहरुको चाहाना

अनुसार भारतको कामाख्यादेवी, गुहवाटी सम्मको तिर्थाटन पनि गरिएको जानकारी गराउन चाहन्छु। आशा छ आगामी दिनमा संस्थाले निर्दिष्ट गरेको निति तथा कार्यक्रमहरुको अधिनमा रहि अझ धेरै सदस्य केन्द्रित कार्यक्रमहरुमा यहाँहरुको सक्रिय सहभागिता रहने छ।

अन्त्यमा गत भदौ १० गते भोटेकोशिको विनाशकारी बाढि बाट ज्यान गुमाउनुहुने सम्पूर्ण मा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै विस्थापित सबै नेपाली जनमा शिघ्र पुर्नस्थापनाको कामना गर्दै आउदै गरेको विजयादशमी, शुभदिपावली, छठ पर्व नेपाल संवत लगायत सबै चाडवार्डको सु-अवसरमा हाम्रा सम्पूर्ण शेयर सदस्य एवम् सरोकारवाला महानुभावहरुमा सुख-शान्ती समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ। जय प्रेरणा, जय सहकारी

संयोजक: चन्द्रकान्त लम्साल
सदस्य: यज्ञ प्रसाद घिमिरे
सदस्य: सुकदेव न्यौपाने

विजयादशमी, दीपावली, नेपाल सम्वत् एवम् छठ पर्व-२०८३

को पावन अवसरमा सम्पूर्ण शेयर सदस्यज्यूहरुमा सु-स्वास्थ्य, सुख, शान्ति, सम्वृद्धि एवम् संस्थाको पूर्ण सफलता र उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।







अध्यक्ष
एवम्

प्रेरणा बचत तथा ऋण सहकारी संस्था लि. परिवार

भरतपुर-२१, पार्वतीपुर, चितवन

लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन
आ.व. २०८२।०८३



छविन्द्र दवाडी
संयोजक

प्रेरणा बचत तथा ऋण सहकारी संस्था लि.को सोह्रौं वार्षिक साधारण सभाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, सम्पूर्ण साधारण सदस्यज्यूहरु, सल्लाहकार समितिका पदाधिकारीज्यूहरु, कार्य समितिका पदाधिकारीज्यूहरु, लेखा समितिका सदस्यज्यूहरु, अन्य विभिन्न उपसमितिका पदाधिकारीहरु, व्यवस्थापकज्यू, कर्मचारीहरु र अन्य सम्पूर्ण उपस्थित महानुभावहरु । म लेखा सुपरिवेक्षण समितिको संयोजकको हैसियतले लेखा सुपरिवेक्षण समितिको आर्थिक वर्ष २०८२।०८३ को प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. परिचय

प्रेरणा बचत तथा ऋण सहकारी संस्था लि.को आन्तरिक लेखा परीक्षण २०८२।०८३ मा सम्पन्न गरेका आन्तरिक लेखा परिक्षण तथा अनुगमन सम्बन्धी कार्यहरुको विवरण सहित यो वार्षिक प्रतिवेदन प्रस्तुत गर्दछु ।

संस्थाको आर्थिक तथा प्रशासनिक क्रियाकलापमा पारदर्शिता जवाफदेहिता, मितव्ययीता र प्रभावकारी आन्तरिक नियन्त्रण कायम गर्ने उद्देश्यले समितिले समितिले संस्थाका विभिन्न वित्तिय तथा प्रशासनिक गतिविधिहरुको नियमित रुपमा समिक्षा तथा परिक्षण गरेको छ। आन्तरीक लेखा परिक्षणको क्रममा संस्थाको लेखा अभिलेख, नगद तथा बैंक कारोबार बचत तथा ऋण कारोबार, आयव्यय, ऋण असुली, भौचर तथा आवश्यक कागजात, सम्पत्ति तथा अन्य सम्बन्धीत अभिलेखहरुको परिक्षण तथा समिक्षा गरिएको छ ।

२. आन्तरीक लेखापरिक्षणका उद्देश्यहरु

आन्तरीक लेखापरिक्षण कार्यका उद्देश्यहरु निम्न अनुरुप रहेका थिएँ -

- संस्थामा आर्थिक कारोबार तथा लेखा अभिलेखहरुको परिक्षण गर्नु ।
- आर्थिक कारोबार प्रचलित कानुन नियम र कार्यविधि अनुसार भए नभएको परिक्षण गर्नु ।
- ऋण प्रवाह तथा ऋण असुलीको अवस्थाको समिक्षा गर्नु ।
- भौचर, विल, भर्पाई तथा आवश्यक कागजातहरुको परिक्षण गर्नु ।
- संस्थाको सम्पत्ति तथा स्रोत साधनको उचित संरक्षण भए नभएको परिक्षण गर्नु ।
- सम्भावित आर्थिक तथा सञ्चालन सम्बन्धी जोखिमहरुको पहिचान गर्नु ।
- विगतका लेखा परिक्षणका सुझावहरुको कार्यान्वयन अवस्थाको समिक्षा गर्नु ।
- संस्थाको वित्तिय अनुशासन, पारदर्शिता तथा सुशासनमा सुधारका लागि सुझाव दिनु ।

३. सम्पन्न गरिएका प्रमुख लेखा परिक्षण कार्यहरु

आर्थिक वर्ष २०८२।०८३ मा लेखा सुपरिवेक्षण समितिले संस्थाका विभिन्न वित्तिय तथा प्रशासनिक गतिविधिहरुको आवधिक रुपमा परिक्षण तथा समिक्षा गरेको छ। परिक्षणका क्रममा लेखा किताव, भौचर, विल, भर्पाई, बैंक विवरण, नगद विवरण, बचत तथा कर्जा अभिलेख, जिन्सी तथा सम्पत्ति अभिलेख लगायत आवश्यक कागजातहरुको अध्ययन एवम् परिक्षण गरिएको छ।

आवश्यक देखिएका विषयमा सम्बन्धीत कर्मचारी तथा व्यवस्थापनसँग स्पष्टिकरण तथा जानकारीलाई सुधार गर्नुपर्ने विषयहरुमा सुझाव प्रदान गरिएको छ।

४. लेखा परिक्षणको परिणाम

क) संस्थाको नगद तथा बैंक कारोबार नियमित रुपमा अभिलेख तथा परिक्षण गरेको पाइयो।

ख) सदस्यहरुको बचत तथा निक्षेप सम्बन्धी कारोबार सुरक्षित र समयमै अभिलेख भएको पाइयो।

ग) ऋण फाईल तथा कागजातहरु नियम अनुरुप पूर्ण एवम् व्यवस्थीत रुपमा सुरक्षित साथ राखेको पाईयो।

घ) ऋण प्रवाहमा वैद्यानिकता देखियो भने असुलिमा समस्या देखियो।

ङ) संस्थाका सबै आर्थिक कारोबारहरु उचित भौचर विल, भर्पाई तथा प्रमाण कागजातहरु पुष्टि हुने गरि अभिलेख राखिएको पाईयो।

च) कार्यसमिति ऋण समिति एवम् अन्य उपसमितिहरुको बैठक नियमित रुपमा बसेको देखियो।

छ) संस्थाका खर्चहरु स्वीकृत बजेट, संस्थाको निती तथा आवश्यकता अनुरुप मितव्ययी र पारदर्शी ढंगले राखिएको पाईयो।

ज) विगतका योजना, निती र कार्यक्रमहरु तथा सुझावहरुको धेरै हदसम्म कार्यान्वयन भएको देखियो।

झ) तरलता व्यवस्थापनमा कठिनाई भएको र सो को व्यवस्थापनका लागी नयाँ कार्यक्रम ल्याईएको पाईयो।

ञ) प्रमुख वित्तिय सुचकहरुमा निम्न लिखित परिवर्तन भएको देखियो -

विवरण	आ.व.२०८१।०८२	आ.व.२०८२।०८३	% परिवर्तन
ऋण, पुँजि, दायित्व, सम्पत्ति	६४,१८,७३,६२९।-	६९,३८,८८,३११।७२	८.१० %
शेयर पुँजि	९,६९,६९,३००।-	९,१५,०७,९००।-	(५.६३%)
बचत संकलन	४५,८०,५३,१०१।-	५१,२२,०५,९०२।०४	११.८२%
ऋण लगानी	४४,६५,५१,१८५।-	४६,००,१६,७३४।५१	३.०२%
तरलता	१६,२०,८७,३९६।-	२०,०९,२२,४८३।-	२३.९६%
खुद नाफा	१,१३,०२,०४४।-	९९,०९,६२०।-	(१२.३२%)

५. आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन

संस्थाको दिगो विकासका लागि प्रभावकारी आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन प्रणाली आवश्यक हुन्छ। विशेषगरी निम्न जोखिमहरुमा संस्थाले निरन्तर ध्यान दिनुपर्ने देखिन्छ।

क) ऋण जोखिम
ख) तरलता जोखिम
ग) अभिलेख तथा कागजात सम्बन्धी जोखिम
घ) सुचना तथा तथ्याङ्क सुरक्षा सम्बन्धी जोखिम
ङ) कानुनी तथा नियामकीय अनुपालन सम्बन्धी जोखिम

६. आन्तरिक लेखा सुपरिवेक्षण समितिका प्रमुख सुझावहरु

यस समितिले संस्थाको समग्र वित्तिय अनुशासन, आन्तरीक नियन्त्रण तथा सुशासनलाई थप प्रभावकारी बनाउन निम्न सुझावहरु प्रस्तुत गर्दछ।

क) संस्थाको आन्तरीक नियन्त्रण प्रणालीलाई थप सुदृढ बनाउनुपर्ने।
ख) भाखा नाघेको तथा वक्यौता ऋण र व्याजको प्रभावकारी अनुगमन तथा असुली गर्नुपर्ने।
ग) तरलता व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन थप कार्यक्रम ल्याउनुपर्ने।
घ) संस्थाको स्थिर सम्पत्ति तथा जिन्सीको नियमित भौतिक परिक्षण गर्नुपर्ने।
ङ) संस्थाका सदस्य, बचतकर्ता तथा अन्य सरोकारवालाहरुको हित संरक्षणमा विशेष ध्यान दिने।
च) संस्थामा पारदर्शिता, जवाफदेहिता तथा सुशासनलाई निरन्तर प्राथमिकतामा राख्ने।

७. निश्कर्ष

आर्थिक वर्ष २०८२।०८३ मा प्रेरणा बचत तथा ऋण सहकारी संस्था लि. को आन्तरीक लेखा परिक्षण कार्य सम्पन्न गर्ने क्रममा संस्थाका विभिन्न वित्तिय तथा प्रशासनिक गतिविधिहरुको परिक्षण तथा समिक्षा गरिएको छ। संस्थाको समग्र सञ्चालनलाई अझ प्रभावकारी, पारदर्शी तथा व्यवस्थीत बनाउन आन्तरीक नियन्त्रण प्रणाली सुदृढिकरण, ऋण असुलिमा प्रभावकारीता, उचित कागजात व्यवस्थापन, खर्च नियन्त्रण, जोखिम व्यवस्थापन तथा नियामकिय अनुपालनमा निरन्तर ध्यान दिन आवश्यक रहेको समितिको निश्कर्ष रहेको छ। साथै आन्तरीक लेखा सुपरिवेक्षण समितिले प्रस्तुत गरेका सुझावहरुलाई सञ्चालक समिति तथा व्यवसथापनले प्राथमिकताका साथ कार्यान्वयन गर्ने अपेक्षा गरिएको छ।

संस्थाको प्रगति तथा समुन्नतीका लागी सञ्चालक समिति, व्यवस्थापन, विभिन्न उपसमितिहरु, कर्मचारी तथा सम्पूर्ण शेयर सदस्यहरुबाट प्राप्त सहयोय प्रति आन्तरिक लेखा तथा सुपरिवेक्षण समिति हार्दिक आभार व्यक्त गर्दै, नजिकिदै गरेको विजयादशमि, शुभदिपावली तथा छठ पर्वको अवसरमा सम्पूर्ण महानुभावहरुमा मंगलमय शुभकामना व्यक्त गर्दछौं। जय प्रेरणा! जय सहकारी!

संयोजक :- छविन्द्र दवाडी
सदस्य :- दुर्गेन्द्र वराल
सदस्य :- युवराज अधिकारी

नेपाल सरकार

राष्ट्रिय सहकारी नियमन प्राधिकरण

पुल्चोक, ललितपुर, नेपाल ।

(स्थापना-२०८१)

अनुसूची-३

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

सहकारी संस्थाको सञ्चालन इजाजतपत्र

राष्ट्रिय सहकारी नियमन प्राधिकरण (National Cooperative Regulatory Authority)

पुल्चोक, ललितपुर (Pulchowk, Lalitpur)

सहकारी संस्थाको सञ्चालन इजाजतपत्र (Operative License of Co-operative)

इजाजतपत्र नं.: 2067-02044

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखिकरण मापदण्ड, २०८२ को दफा ४ बमोजिम देहायको सहकारी संस्थालाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता अभिलेखीकरण गरी यो सञ्चालन इजाजतपत्र जारी गरिएको छ ।

सहकारी संस्थाको नाम: प्रेरणा बचत तथा ऋण सहकारी सस्था लि
दर्ता नं र दर्ता गर्ने निकाय: 899/066/067, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय भरतपुर, चितवन
कार्यक्षेत्र: चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १ देखि २७ र २९ भित्र
कार्य: बचत तथा ऋणको मुख्य कारोबार

जारी गर्ने अधिकारी
नाम: मुकेश कर्ण
पद: उप-निर्देशक
जारी मिति: 2083-02-20

कर्जा सूचना केन्द्र लिमिटेड

हेरिटेज प्लाजा, कमलादी, काठमाडौं ।

प.लि. ८९५/०६१/०६२ पान नं. ३०१७४९२४०

प.सं. Cop-1081-082/83..... मितिः .....२०८३/०३/०९.....

प्रेरणा बचत तथा ऋण सहकारी संस्था लि,
केन्द्रीय कार्यालय,
पार्वतीपुर, चितवन, बागमती

विषय: केन्द्रमा दर्ता गरिएको बारे ।

महोदय,

त्यस संस्थाको मिति २०८३/०३/०९ को अनुरोध भई आएको अनुसार त्यस संस्थाको नाम यस केन्द्रमा दर्ता गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ । यस केन्द्रको कार्य सञ्चालनमा त्यस संस्थाको पनि यथोचित सहयोगको अपेक्षा राख्दै यस संस्थाको निरन्तर प्रगति तथा सफलताको कामना गर्दछु । अन्य बैंक/ वित्तीय संस्था तथा सहकारीहरूलाई जस्तै त्यस संस्थालाई पनि कर्जा सूचना सम्बन्धी सबै सेवाहरू प्रदान गर्न केन्द्र सदा तत्पर रहनेछ ।

यस केन्द्रको सेवा उपयोग गर्ने संस्थाको नाताले केन्द्रको गठन तथा कार्यको अतिरिक्त कर्जा सूचना व्यवस्थाको सञ्चालन बारे त्यस संस्थाले पनि जानकारी राख्न आवश्यक भएकाले तत्सम्बन्धी देखाइएको कागजातहरू यसै साथ संलग्न गरी पठाइएको छ । उक्त कागजातहरू अध्ययन गर्नु भई तदनुसारको व्यवस्था मिलाउनु हुन र केन्द्रमा नियमित रूपमा पठाउनु पर्ने विवरणहरू यथासमय पठाउने व्यवस्था मिलाउनु हुन समेत अनुरोध छ ।

कर्जा सूचना सम्बन्धमा यस संस्थालाई प्रस्ट नभएमा, द्विविधा परेमा, कुनै कुराको सोधनी गर्नु परेमा वा तत्सम्बन्धी कुनै जानकारी लिनु परेमा केन्द्रमा सम्पर्क राख्नु हुन अनुरोध छ । साथै, केन्द्र सम्बन्धी अन्य थप जानकारी केन्द्रको वेबसाइट www.cibnepal.org.np बाट समेत लिन सकिने व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

भवदीय,

.....
आधिकारीक दस्तखत
कर्जा सूचना केन्द्र

फोन नं. ०१-५९७१४४३, E-mail: info@cibnepal.org.np, Website: www.cibnepal.org.np

टिपोट

टिपोट

सल्लाहकार

निवर्तमान अध्यक्षः कमलप्रसाद पौडेल
संस्थापक अध्यक्षः विजयबहादुर घले
भू.पू. अध्यक्षः चित्रसेन अधिकारी
मेकबहादुर खड्का
राजु तामाङ
निर्मल अधिकारी
कर्णबहादुर गुरुङ

ऋण उप-समिति

संयोजक : शालिक दवाडी
सदस्य : धनराज गिरी
सदस्य : प्रेम दाहाल

शिक्षा उप-समिति

संयोजक : चन्द्रकान्त लम्साल
सदस्य : सुकदेव न्यौपाने
सदस्य : यज्ञप्रसाद घिमिरे





सहकारी संस्थाको ऋण नतिर्दा के हुन्छ ?


- ब्याज बढ्दै जान्छ । तिर्नुपर्ने रकम थपिँदै जान्छ । लागत बढ्छ ।
- भाखा नाघ्छ । खराब ऋणीमा परिन्छ ।
- समितिमा, कर्मचारीमा चर्चा हुन्छ । निगरानी बढ्छ ।
- कालो सूचिमा परिन्छ । सहकारी संस्था नामावली सार्वजनिक बाध्य हुन्छ ।
- छरछिमेक, वरपरका मान्छेले हेर्ने दृष्टिकोण राम्रो हुँदैन ।
- सहकारी बाहेक अन्य अरूकसैले बिना धितो ऋण दिँदैन । एक पटक लिएको ऋण नतिर्दैमा जिन्दगी जाने हो इन । फेरी ब्यापार व्यवसाय गर्न, अप्ठ्यारो टार्न सहकारी संस्थाहरू नै चाहिन्छ । सहकारीबाट फेरी ऋण लिनुपर्ने दिन आउँछ ।
- तपाईंले भाखा नघाए अरू सदस्यले कारोबार गरेर कमाएको मुनाफाबाट ऋण जोखिमको लागि पैसा छुट्टाउनु पर्छ । जसले गर्दा संस्थाको मुनाफा घटेर सदस्यको बोनस घट्छ ।
- सदस्यहरूको बचत मार्फत भएको रकम सहकारी संस्थाले लगानी गरेका हुन्छन् । सहकारीले लगानी गर्ने पैसा तपाईं हामी सबैको हो । सहकारीको ऋण नतिर्दा हामीलाई पनि अप्ठ्यारो पर्न सक्छ ।
- घरपरिवारमा झैं-झगडा हुन्छ । तपाईंका बालबच्चा छोराछोरीलाई त्यसले असर गर्छ ।
- अहिलेसम्म ऋण लिएको पैसा कतै मिनाहा भएको छैन । ऋण मिनाहा हुन्छ भन्ने भ्रममा नपर्नौं ।
- सहकारी संस्थाबाट ऋण लिएर हजारौँ सदस्यले व्यापार व्यवसाय गरेर प्रगति गरेका छन् । तपाईं पनि उद्यमी बन्ने तिर लाग्नुस् । आफूलाई परेको समस्या सहकारीका कर्मचारीलाई सुनाउनुहोस् । सहकारीका कर्मचारी तपाईंका शुभचिन्तक हुन् । उनीहरूले अवश्य तपाईंलाई सहयोग गर्नेछन् ।
- समयमै ऋण तिरौं । समय बिते पछि पछुताउनु बाहेक अर्को विकल्प हुँदैन ।

धन्यवाद !





नेपालको नक्सा



राष्ट्रिय गान

सयौँ थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची महाकाली ।
प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल ।
ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।
बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय-जय नेपाल ।

नेपालसम्बन्धी विभिन्न जानकारी

नेपालको क्षेत्रफल	: १,४७,५१६ वर्ग किलोमिटर
सिमाना क्षेत्र	: १,७३६.२ कि.मि. (भारतसँग) र १,४१४ कि.मि. (चीनसँग)
सवैभन्दा लामो उत्तर-दक्षिण दूरी	: करिब १९३ कि.मि.
सवैभन्दा लामो पूर्व-पश्चिम दूरी	: करिब ८८५ कि.मि.
राजधानी	: काठमाडौं
संघीय संरचना	: ७ प्रदेश, ७५३ स्थानीय तह (गाउँपालिका, नगरपालिका), ७७ जिल्ला
जनसंख्या (राष्ट्रिय जनगणना २०७८)	: २,९१,९२,४८० (महिला ५०.१९%, पुरुष ४९.८१%)
सनकारी भाषा	: नेपाली
मुद्रा	: नेपाली रुपैया (रु.)
समय क्षेत्र	: नेपाल समय (UTC +5:45)

भौगोलिक क्षेत्र अनुसार

हिमाली क्षेत्र	: ५९,३५८ वर्ग कि.मि. (८.०८%)
पहाडी क्षेत्र	: ६१,१५२ वर्ग कि.मि. (४२.०४%)
तराई क्षेत्र	: २६,३७९ वर्ग कि.मि. (१७.८७%)

नेपालको जनसंख्या (राष्ट्रिय जनगणना २०७८)

कुल जनसंख्या	: २,९१,९२,४८०
पुरुष	: १,४३,०७,६९१ (४९.८१%)
महिला	: १,४६,८४,७८९ (५०.१९%)
जनघनत्व	: १९७ (प्रति वर्ग कि.मि.)
वार्षिक वृद्धि दर	: ०.९२ %
साक्षरता दर (१५ वर्ष माथि)	: ७६.२ %
जीवन प्रत्याशा	: ७०.२ वर्ष
शहरी जनसंख्या	: ६६.०८ %

७ प्रदेश र जिल्लाहरु

प्रदेशको नाम	जिल्ला संख्या	क्षेत्रफल (वर्ग कि.मि.)
कोशी प्रदेश	१४	२५,९०५
मधेश प्रदेश	८	९,६६१
बागमती प्रदेश	१३	२०,३००
गण्डकी प्रदेश	११	२१,५०४
लुम्बिनी प्रदेश	१२	२२,२८८
कर्णाली प्रदेश	१०	२७,९८४
सुदुरपश्चिम प्रदेश	९	१९,५३४
जम्मा	७७	१,४७,५१६